पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ३५ | २०७० चैत २१ गते शुक्रबार (Apr. 4, 2014) | मूल्य रू. १०/-

## प्रान्त आए झैं आइन् सुजाता



काठमाडौं । चैत्र १८ गते खुसुक्क नेपाल आएकी छिन्- भारतकी विदेश सचिव सुजाता सिंह । १९ सदस्यीय टोली र विशेष मिसन लिएर आएकी भारतकी विदेश सचिवले सरकारी स्तरमा वार्ता गरिरहेकी छिन् ।

केपी ओलीलाई भेट्न गृहमन्त्री दिल्ली जानु र बिना निम्तो खुसुक्क भारतीय विदेश सचिव नेपाल आएर गुपचुप वार्ता हुनुपछाडिको रहस्य डरलाग्दो हुनसक्ने आशंका फैलिएको छ । (बाँकी अन्तिम पेजमा)

# संविधान लेख्ने बेला राजतन्त्र जिन्दावाद

काठमाडौं । संविधानसभामा संविधान लेख्ने प्रक्रिया सुरू भएको छ । राप्रपा नेपालले राजासहित सबै राजनीतिक शक्ति अटाउने संविधानको माग गरको छ । नेकपा-माओवादीले पूर्वराजा राजनीतिक शक्ति हुन् भने संविधान निर्माणमा उनलाई पनि स्वीकार गर्न सकिन्छ भनेको छ । यद्यपि नेकपा-माओवादीले संविधानसभाबाट होइन, राजनीतिकसभा अथवा गोलमेच सम्मेलनबाट राजनीतिक निकास र नयाँ संविधान लेख्न सकिन्छ भनेको छ ।



यसरी संविधानसभादेखि सडकसम्म पूर्वराजतन्त्रको बहस भइरहेको बेलामा आगामी हप्ता पूर्वाराजा पर्सा जाने भएका छन् । दुई हप्ता लामो पर्सा बसाईका क्रममा पूर्वराजाले चतराधामको मेला भर्ने छन् र पूर्वका १० जिल्लाका मठमन्दिरमा पूजापाठ गर्नेछन् । यही अवसरमा आफ्ना प्रसंशकहरूलाई भेट्ने कार्यक्रम पनि तय भएको छ ।

राजावादीहरू सक्रिय भएका छन् । राजा मान्ने जनतामा उत्साहा थपिएको छ । पर्सादेखि झापासम्मका नागरिक समाजले पूर्वराजाको भ्रमण हुनुपर्छ भनेर माग गरिरहेका छन् । पूर्वराजाले जनताको अपेक्षा पुरा गर्ने हो भने पूर्वका प्रत्येक जिल्ला र मन्दिर पुग्ने महिना दिन लाग्ने स्रोतहरूले जानकारी दिएका छन् ।

(बाँकी अन्तिम पेजमा)

## राम शाहको चौतारीमा न्याय खोजियो

काठमाडौं । नेपाल बार एशोसिएसनको २२ औं केन्द्रिय कार्यसमितिको बैठक गोरखाको राम शाह चौतारो (धर्म चौतारो)मा हालै सम्पन्न भएको छ । 'न्याय नपाए गोरखा जानु' भन्ने उक्तिलाई आत्मसाथ गर्दै त्यहाँ बैठक सम्पन्न गरिएको नेपाल बारका अध्यक्ष हरिकृष्ण कार्कीले बताएका छन् ।

उक्त बैठकले लामो समयदेखि प्रधानन्यायाधीश र न्यायाधीशहरूको पद रिक्त रहेकाले अदालतमा मुद्दाको चाप बढेको भन्दै त्यस विषयमा राजनीतिक दलहरूको ध्यानाकर्षण गराउने निर्णय समेत गरेको बताइएको छ । सर्वोच्च अदालतमा न्यायाधिशहरूको पद रिक्त रहेकाले मुद्दाको चाप अत्याधिक बढेको भन्दै त्यसले गर्दा सेवाग्राहीहरूलाई मार्का परेका र त्यस विषयमा न्यायापरिषद् पनि सक्रिय नदेखिएकोमा नेपाल बार दुःख प्रकट गर्दछ भन्ने निर्णय समेत भएको (बाँकी अन्तिम पेजमा)

# भट्टराईले बाख्रा पाल्ने, अन्यलाई चुनौती

**अभियान संवाददाता**

काठमाडौं । पूर्वप्रधानमत्री एवं एमाओवादीका नेता डा.बाबुराम भट्टराईले सक्रिय राजनीति जीवनपछि गोरखामै बाख्रा पाल्ने उद्घोष गरेर राजनीतिक दलका नेताहरूलाई एक प्रकारको व्यंग्य प्रहार गरेका छन् । सक्रिय भइन्जेल राजनीतिक गर्ने अनि राजनीति गर्न नसक्ने भएपछि मात्र व्यवसाय गर्ने भन्न भट्टराइको सोच गलत रहेको छ । राजनीति गर्ने व्यक्तिले व्यवसाय गर्नु हुँदैन भन्ने किमार्थ होइन । आफ्नो व्यवसाय भएकाले दुईचार पैसाका लागि कसैसँग हात जोड्नु पर्दैन । अहिले राजनीतिलाई राम्रो कमाई खाने भाँडो बनाइएको छ । राजनीतिज्ञ हुँ भन्दै चन्दा उठाउने, धम्क्याउने, गुण्डागर्दी गर्ने काम अहिले राजनीतिज्ञहरूबाटै भएको हुनाले अब त्यस्तो कार्य अबिलम्व रोकिनु पर्छ ।



राजनीति भनेको विशुद्ध समाजसेवा हो । त्यसलाई समाज सेवाकै रूपमा ग्रहण गर्न सक्ने व्यक्ति मात्र राजनीतिज्ञ ठहरिन सन्छ । पछिल्लो समयमा नेपालमा राजनीतिज्ञ नै छैनन् । राजनीति पैसा कमाउनका लागि सबैभन्दा राम्रो पेशाका रूपमा देखिएको छ । आज हाम्रा राजनीतिज्ञहरूको आ- आफ्नो व्यवसाय भएको भए उनीहरू भ्रष्टाचारमा डुब्ने नै थिएनन्, स्वच्छ प्रशासन चलाउन सक्थे । तर एक छाक राम्रोसँग खान नपाउनेहरू राजनीतिमा लागेका हुनाले भ्रष्टाचार व्यापक मात्रामा बढेको हो ।

एमाओवादी नेता भट्टराईले बाख्रा पाल्ने सोच बनाएको र आफूले त्यसका लागि अहिलेदेखि तयारी गरिरहेको बताएका हुनाले अब अन्य दलका नेताहरूले समेत कुनै न कुनै पेशा व्यवसाय गरेर अघि बढ्ने प्रयास

(बाँकी अन्तिम पेजमा)

## कुन सचिव कहिले अवकास पाउँदैछन् ?

**अभियान संवाददाता**

काठमाडौं । प्रधानमन्त्री सुशील कोइरालाले चुस्त र प्रभावकारी सरकार सञ्चालन गर्ने प्रतिबद्धता जनाएपनि करिब दुई सातादेखि खाली रहेका आधा दर्जन मन्त्रालयमा सचिव पठाउन नसक्दा ती मन्त्रालयका काम कारबाही प्रभावित भएका छन् । महत्वपूर्ण मन्त्रालयमा सचिव नहुँदा सरकारका निर्णयहरू त्यसै थन्किएर बसेका छन् । कर्मचारी प्रशासनमा मन्त्रालयका हरेक नीतिगत निर्णयहरू निर्णय गर्ने अधिकार सचिवलाई भएको हुनाले सचिव नहुँदा त्यस्ता निर्णयहरू हुन नसकेकाले प्रशासन संयन्त्रनै प्रभावित भएको छ ।

अहिले सचिव बिहीन भएका मन्त्रालयहरूम सूचना तथा सञ्चार मन्त्रालय, सरकारको सबै सर्वाजनिक खरिदको नीतिगत र कानुनी अनुमोधन गर्ने अधिकार पाएको सार्वजनिक खरिद अनुगमन कार्यलयमा पनि सचिव पद लामो सयदेखि रिक्त रहेको छ । त्यसैगरी राष्ट्रिय सतर्कता केन्द्र, प्रधानमन्त्री कार्यालय र उपराष्ट्रपति कार्यालयमा विगत दुई सातादेखि सचिव छैनन् । हालै बढुवा भएका सचिवहरूलाई समेत सरकारले पदस्थापन गर्न नसकेको र सरकार परिवर्तन हुने वित्तिकै सचिवहरूको सरूवा हुने भएकाले गर्दा मन्त्रालयमा भएका सचिवहरूले समेत महत्वपूर्ण निर्णयहरू नगरेका हुनाले मन्त्रालयहरू

(बाँकी अन्तिम पेजमा)

## उद्योग वाणिज्य महासंघमा महायुद्ध हुने



काठमाडौं । नेपाल उद्योग बाणिज्य महासंघमा महायुद्ध हुने भएको छ । सुरज वैद्यले आफ्नो कार्यकालमा केही गर्न नसके पनि म गर्छु भनेर उपाध्यक्ष भाष्करराज राजकर्णिकारले उम्मेदवारी घोषणा गरेका छन् । उनलाई चुनौती दिँदै पूर्व सात अध्यक्षको समर्थनसहित प्रदीपजंग पाण्डेले पनि उम्मेदवारी दिएपछि नेपाल उद्योग बाणिज्य महासंघ 'नेवाः गुठी' होइन, भाष्कर जित्दैनन् भन्ने अनुमान गर्न थालिएको छ । प्रदीपजंग (बाँकी अन्तिम पेजमा)

## माओवादीलाई माधव भार

काठमाडौँ । उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने निर्णयसँगै यो समितिमा प्रचण्ड हुनुपर्छ भन्ने एमाओवादीले लविङ तीब्र पारेपछि एमाले नेता माधव नेपालले काँग्रेस, एमालेलाई एमाओवादीको पालो भनेर बार हालेका छन् । माधव नेपालले प्रम सुशील कोइराला नै संयन्त्रको अध्यक्ष बन्नु राम्रो भनेका छन् ।



यता प्रचण्ड र झलनाथ कम्युनिस्टहरूको एउटै केन्द्र बनाउने छलफल गरिरहेका छन् भने माधव नेपाल एमाओवादीमाथि यसरी खनिएका (बाँकी अन्तिम पेजमा)

## वैद्य र भट्टराईद्वारा जेल हाल्न चुनौती

काठमाडौं । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले हिम्मत भए आफूलाई जेल हालेर देखाउन कोइराला सरकारलाई ठाडो चुनौती दिएका छन् । अध्यक्ष वैद्यले उक्त कुरा दैलेखमा आफ्नो पार्टीको प्रथम जिल्ला सम्मेलन उद्घाटन गर्दै बताएका हुन् । द्वन्द्वकालीन मुद्दा अगाडि नबढाउन चेतावनी दिँदै अध्यक्ष वैद्यले आफ्नो पार्टीका सोझा कार्यकर्तालाई सरकारले पक्राउ गरेर जेल हालेको बताउँदै सरकारले कानुनी राज्य र राजनीतिक मूल्य मान्यता तोड्दै मुलुकमा फाँसीवाद लाद्न खाजेको आरोप समेत लगाएका छन् । आफ्नो पार्टीको दैलेख जिल्ला सम्मेलनको उद्घाटन गर्न दैलेख पुगेका वैद्यले पत्रकार भेटघाट कार्यक्रममा बोल्दै हिम्मत भए एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, नेता डा.बाबुराम भट्टराई र आफूलाई जेल हालेर देखाउन सरकारलाई चुनौती दिएका हुन् ।



सोही अवसरमा बोल्दै अध्यक्ष वैद्यले अन्तर्राष्ट्रिय समुदायले समेत निष्पक्ष भएर काम गर्न नसकेको अरोप लगाउँदै उनले भने, सबैलाई न्याय गर्नुपर्छ । माओवादीलाई मात्र छानीछानी थुन्ने काम गर्न नहुने बताउँदै उनले विस्तृत शान्ति सम्झौता भंग भइसकेको भन्दै शान्ति प्रक्रिया टुंग्याउन अब नयाँ राजनीतिक सहमति हुनुपर्नेमा जोड दिए । अध्यक्ष वैद्यले आफूहरूले बहिष्कार गरेको संविधानसभाको दोस्रो निर्वाचनपछि गठन भएको संविधानसभामा सरकारबाट मनोनित हुने २६ सिट आफ्नो पार्टीलाई दिन्छौं भन्ने तीन दल कांग्रेस, एमाले र एमाओवादीको भनाईप्रति लक्षित हुँदै तीन दलले आफ्नो पार्टीलाई राजनीतिक अपमान गरेको समेत आरोप लगाएका छन् । अहिलेकै अवस्थामा एमाओवादी र नेकपा-माओवादी एकीकरण सम्भव

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# पिआर र ग्रिनकार्ड लिने कर्मचारी राष्ट्रघाती

*पछिल्लो समयमा नेपालीहरु विदेशमा जाने क्रममा ज्यादै बढेको सबैले महसुस गरेकै हुनुपर्दछ । अहिले नेपाल बेरोजगार युवाहरुको अखडा नै बनेको हुनाले युवाहरु अनैतिक धन्दामा लागेका छन् । हजारौं हजार युवायुवतीहरु लागुपदार्थको कुलतमा फसेका छन् भने प्रत्येक दिन झन्डै २ हजार युवाहरु बैदशिक रोजगारको लागि विदेशिने गरेक छन् । यहाँका विश्वविद्यालयहरु अहिले बेरोजगार युवाहरु उत्पादन गर्ने कारखाना नै बनेका छन् । ठीक त्यसको उल्टो निजामति सेवा, प्रहरी, सेना र विभिन्न संघ संस्थानहरुमा जागिर खाने र त्यहाँबाट आवकाश प्राप्त गरेका ब्यक्तिहरु विभिन्न विदेशी मुलुकहरुको ग्रीनकार्ड र पिआर लिने क्रमले समेत ब्यापकता पाएको छ ।*

*निजामति सेवाको विशिष्ठ श्रेणीमा जागिर खाइरहेका ब्यक्तिहरुले नै ग्रीनकार्ड र पिआर लिएर आफ्नो परिवारलाई त्यसै देशमा बसोबास गराएर आफू मात्र एक्लो नेपालमा बसिरहेका हुनाले त्यस्ता ब्यक्तिहरुबाट नेपाली जनताले के आशा गर्ने ? निजामित सेवामा रहेका धेरै ब्यक्तिहरुले ग्रीनकार्ड र पिआर लिएर आ-आफ्ना परिवारलाई सम्बन्धित देशमा बसोबास गराएका र उनीहरुसमेत अवकाश प्राप्त भएपछि विदेशमैं जाने तरखरमा रहेका हुनाले त्यस्ता ब्यक्तिहरुलाई गरिब नेपाली जनताले तिरेको करबाट किन पेनशनको सुविधा उपलब्ध गराउने ? निजामति ऐनमा त्यस्तो ग्रीनकार्ड र पिआर लिने ब्यक्तिहरुलाई कारबाही गर्ने कुनै ब्यवस्था नभएको हुनाले त्यसैलाई आधार बनाएर उनीहरु दुई देशको नागकिरता वा ग्रीनकार्ड र पिआर लिएका छन् । एउटा समान्य नेपाली नागरिकले अर्को देशको वा दुई पटक नागरिकता लिएको खण्डमा ऊ सजायको भागिदार बन्छ भने उच्चतहमा बसेका र उच्च तहबाट अवकाश पाएका ब्यक्तिहरु किन सजायको भागीदार बन्न सक्दैनन् ? के नेपालको कानुन नेपाली नागरिकलाई दुई तहमा बाँडेको छ त ?*

*निकै लामो सयमदेखि निजामति, प्रहरी, सेना र संघसंस्थानमा जागिर खाइरहेका र अवकाश प्राप्त गरेका ब्यक्तिहरुले ग्रीनकार्ड र पिआर लिएको विषयमा यस साप्ताहिकले पटक पटक सरकारको ध्यानाकर्षण गराए पनि त्यसमा कहींकतैबाट सुनुवाई भएको थिएन् । पछिल्लो पटक त्यस्ता केही ब्यक्तिहरुको नामै प्रकाशित गरेर उनीहरु कार्यरत रहेका मन्त्रालय, विभाग र संस्थाको नामै प्रकाशित भएपछि सरकारले केही ध्यान दिएजस्तो गरेपनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस विषयमा चासो देखाएपछि बल्ल सरकारको आँखा खुलेको जस्तो देखिएको छ । सर्वोच्च अदालतमा समेत त्यस विषयमा एक कानुन ब्यवसायीले पिआर र ग्रीनकार्ड लिने ब्यक्तिहरु माथि कारबाहीको माग गर्दै रिट निवेदन दर्ता गरेपछि सरकारले त्यस्ता ब्यक्तिहरु माथि कारबाही गर्न लागेको आभास पाउन थालिएको छ । सर्वोच्च आदलतले समेत उक्त मुद्दालाई जनचासोको विषय भन्दै अग्राधिकार दिएको हुनाले अब सरकारले त्यस्ता ब्यक्तिहरुलाई खोजी खोजी कारबाही गर्नुपर्ने बाध्यता भएको छ ।*

*नीति निर्माण तहमा बस्ने र सुरक्षा निकायको जिम्मेवारी लिएका ब्यक्तिहरुले नै ग्रीनकार्ड र पिआर लिएका हुनाले त्यस्ता ब्यक्तिहरुबाट नेपाली जनताले केही आशा गर्न सक्ने सम्भावना हुँदैन । उनीहरुले जुन देशको पिआर र ग्रीनकार्ड लिएका छन्, उनीहरु त्यसै देशको हितका लागि काम गर्छन । केही समय पहिला समान्य प्रशासन मन्त्रालयले एक सर्वाजनिक सूचना प्रकाशित गर्दै सबै मन्त्रालय, विभाग, कार्यालयहरुलाई पिआर र ग्रीन कार्ड लिएका कर्मचारीहरुको नामावली संकलन गरी समान्य प्रशासन मन्त्रालयमा पठाउन आग्रह गरेपनि आजसम्म कुनै मन्त्रालय, विभाग र कार्यालयहरुले नामावली पठाएका छैनन् । पिआर र ग्रीनकार्ड लिएका केही ब्यक्तिहरु हालै बढुवा समेत भएका छन् । उदाहरणका लागि अष्ट्रेलियाका ग्रीनकार्ड लिएर परिवारलाई त्यहीं बसोबास गराएका तत्कालिन उपसचिव भरत सुवेदी हालै सहसचिवमा बढ्ढुव भएका छन् । अर्थमन्त्रालयमा समेत एक सहसचिव बहाल रहेका छन् । यी त केही उदाहरण मात्र हुन् ।*

*तत्कालिन शाही सरकारको पालामा निजामति ऐनमा संशोधन गरी पिआर र ग्रीनकार्ड लिएका निजामति कर्मचारीहरुलाई कारबही गर्ने भन्दै उनीहरुले दुई मध्ये एक छोड्नु पर्ने ब्यवस्था गरि आएकोमा गणतन्त्र आएपछि शाही सरकारको पालमा संशोधन भएको भन्दै त्यसलाई खारेज गरिएको थियो । गणतन्त्रको स्थापना पछि त्यो प्रावधान हटाइएको हुनाले कर्मचारीहरुमा अझ हौसला बढेको र पिआर र ग्रीनकार्ड लिनेको होडबाजी नै चलेको अवस्थामा अब सरकारले निजामति ऐन संशोधन गरेर पिआर र ग्रीनकार्ड लिएका बहालवाला कर्मचारीहरुलाई कडा कारबाही गर्नै पर्दछ । अवकाश प्राप्त भएका ब्यक्तिहरुले पिआर र ग्रीनकार्ड लिएर विदेश रहेका भए उनीरुले पाउँदै आएको पेन्सन सुविधा बन्द गराउने साहस कोइराला सरकारले देखाओस् भन्ने हाम्रो माग रहेको छ ।*

# संविधानसभा र कोइराला सरकार दुवै असफलताको मार्गतर्फ

*देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचनपछि गठन भएको संविधानसभा र सरकार दुवै असफलताको मार्गतर्फ उन्मुख भएको विस्तारै प्रमाणित हुँदै गएको छ । मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनपछि दलहरूको असफलता र अकर्मण्यताका कारण संविधानसभाको पहिलो वैठक माघ ८ गते मात्र बस्यो । माघ ८ गतदेखि संविधान निर्माणको कार्यलाई एकवर्ष मानिने सभाध्यक्ष सुवास नेम्वाङको उद्घोषलाई स्वीकारर्ने हो भने अहिलेसम्म संविधानसभाले धेरै काम गरिसक्नु पर्ने थियो । तर दुर्भाग्यवस अहिलेसम्म संविधानसभाले समितिहरू समेत बनाउन सकेको छैन । संविधानसभा अन्तर्गत ५ वटा र व्यवस्थापिका संसद् अन्तर्गत ११ वटा समिति बनाउने सहमति भए पनि ती समितिहरू गठन हुन नसकेका हुनाले संविधान निर्माणको कार्य नै अघि बढ्न सकेको छैन । हिजोको संविधानसभा असफल भएको होइन, असफल बनाइएको हो । हिजोको संविधानसभा असफल बनाउने दलहरू र तिनै पात्रहरू अनि तिनै पुरानै प्रवृत्ति अहिले पनि हावी भएकै कारण दोस्रो संविधानसभाले पनि संविधान निर्माण गर्न सक्ने कुरामा विश्वस्त हुन सक्ने आधारहरू देखिएका छैनन् । संविधान निर्माणमा सरकारको प्रत्यक्ष हात नभए पनि सरकारको महत्वपूर्ण भूमिका भने रहने छ । अहिले संविधानसभाले पूर्णतासम्म पाउन सकेको छैन । संविधानसभाले पूर्णता नै नपाइकनै संविधानसभा अध्यक्ष र उपाध्यक्षको निर्वाचन गराइएको छ । त्यसै गरी प्रधानमन्त्रीको नाम सिफारिस गरिएको छ । नेपालको अन्तरिम संविधानले संविधानसभा भन्नाले जनताबाट प्रत्यक्ष रूपमा चुनिएका दुई सय ४० जना, समानुपातिक तर्फबाट चुनिएका तीन सय ३५ जना र दलहरूको सहमतिमा संविधानमा व्यवस्था भएअनुसार मन्त्रिपरिषद्बाट मनोनित भएका २६ जनालाई जोडेर ६०१ लाई संविधानसभाका सदस्य मानिन्छ भन्ने व्यवस्था भएको हुनाले दलहरूले पहिलो गाँसमै संविधानको उल्लंघन गर्दै विभिन्न निर्णयहरू गर्नु संविधानको ठाडो उल्लंघन हो ।

पछिल्लो समयमा संविधानसभा/व्यवस्थापिका संसद कामविहीन भएको छ । सभासद्हरूले तलबभत्ता खाने बाहेक अन्य केही काम गर्न पाएका छैनन् । ठूला भनिएका नेपाली काँग्रेस, नेकपा एमाले र एमाओवादीले हुकुमीतन्त्र लागू गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने निर्णय गरेर सभासद्हरूलाई हिजोको संविधानसभा/व्यवस्थापिकाको जस्तै ताली बजाउने जिम्मेवारी मात्र दिने प्रयास गरेका छन् । हिजो पनि संविधान क निर्माणमा उठेका विवादहरू मिलाउने भन्दै यिनै तीन दलले मधेसीवादी मोर्चा सहितको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाएका थिए । उच्चस्तरीय राजनीतिक संयन्त्रले विवादित विषयहरू मिलाउनुको सट्टा झन् विवाद बढाएको मात्र थियो । उच्चस्तरीय राजनीतिक संयन्त्रले विवाद मिलाउने भन्दै संसद्लाई छलेर कहिले हात्तीवन रिसोर्ट त कहिले गोकर्ण रिसोर्टमा बसेर वार्ताको नाममा लाखौं रकम रकम खर्च मात्र गरेका थिए । सबै समस्याको समाधान खोज्ने संसद् भएपनि केही व्यक्तिहरू मात्र बसेर गोप्य रूपमा केही निर्णयहरू गर्ने अनि त्यही अँध्यारो कोठामा बसेर गरेका निर्णयहरूलाई संसद्मा प्रवेश गराएर सभासद्हरूलाई ताली बजाउन लगाउने हिजोकै प्रवृत्ति अहिले पनि देखिन थालेको हुनाले अबको ९ महिनाभित्रमा किमार्थ संविधान निर्माण हुन सक्दैन । संविधान मुलुकको मूल कानुन भएको हुनाले संविधान सबैको लागि स्वीकार्य हुनुपर्दछ । संविधान संविधानका लागि नभएर मुलुकका समस्याहरू समाधानको लागि साधक बन्न सकेको खण्डमा मात्र त्यो संविधानको औचित्य रहन सक्छ । दलहरूले दलगत स्वार्थभन्दा माथि उठेर संविधान निर्माण गर्ने अग्रसरता देखाउनुपर्नेमा अहिले दलहरूको व्यवहार हेर्दा उनीहरू निषेधको राजनीतिक गर्दै केही दलको स्वार्थपूर्ति हुने खालको मात्र संविधान निर्माण गर्ने पक्षमा देखिएको हुनाले अब बन्ने संविधानको हालत पनि २०४७ सालको संविधानकै जस्तो हुने सम्भावना बढेर गएको छ ।

२०४७ सालको संविधान तत्कालीन राजा, दलहरू र नेपाली जनताको सहमतिको दस्तावेज थियो । २०४७ सालको संविधान निर्माणकर्ताहरूले त्यसैबेला विश्वकै उत्कृष्ट संविधान निर्माण गऱ्यौ भनेर ठूला-ठूला डंक पिटेका थिए । २०४७ सालको संविधान निर्माणकर्ताहरू अहिले पनि विभिन्न दलमा लागेर केही व्यक्तिहरू राजनीतिमा सक्रिय रहेका छन् । तीन पक्षको सहमतिमा सहमतिको दस्तावेज स्वीकार गरिएको संविधानले त समस्याको समाधान दिन नसकेर २०५२ साल नपुग्दै अर्थात् चार वर्षमै असफल सावित भयो भने अहिले केही दललाई निषेध गरेर निर्माण गरिएको संविधानले के समस्याको समाधान गर्ला ? एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले संविधानसभाको दोस्रो निर्वाचनमा भागै लिएन । उसले आफ्ना माग पूरा नभएको भन्दै चुनाव नै बहिष्कार गरेर ३३ दलीय मोर्चाबन्दी गऱ्यो । अहिले पनि नेकपा-माओवादीले अहिलेको संविधानसभाले जनताले चाहेअनुसारको संविधान निर्माण गर्न नसक्ने भन्दै सर्वपक्षीय सम्मेलन गरेर त्यहींबाट संविधानका अन्तरवस्तुका बारेमा निर्णय गर्नुपर्दछ भन्ने अडान लिएको र कथम कथाचित संविधान निर्माण भए पनि त्यो आफ्नो पार्टीको लागि स्वीकार्य नहुने उद्घोष गरिरहेको बेलामा अब बन्ने भनिएको संविधानले सबै समस्याको हल गर्ला र ?

नेकपा-माओवादीलाई संविधानसभाको चुनावमा सहभागी गराउन नसक्नु काँग्रेस, एमाले र एमाओवादीको गम्भीर भूल थियो । नेकपा-माओवादी पनि शान्ति प्रक्रियाको एउटा शेयरहोल्डर नै हो । उसलाई बाहिर राखेर चुनाव त सम्पन्न भयो अब चुनाव सम्पन्न भयो, संविधान पनि त्यसरी नै निर्माण हुन्छ भन्ने भूल तीन दलले गरेमा अब बन्ने भनिएको संविधानको कुनै औचित्य रहँदैन । संविधानलाई सबैपक्षले स्वीकार गरेको खण्डमा मात्र त्यो संविधानको सार्थकता रहन सक्छ । यदि एउटा पक्ष अर्थात् एउटा दलले संविधान नै मान्दिन भनेर ठूलो जमात सडकमा गएमा त्यसलाई कुन रूपमा कानुनी आधारमा ल्याउने ? त्यसैले दलहरूले पहिला गरेको जस्तो गल्ती अहिले नगरी संविधान निर्माणको क्रममा कुनै दललाई पनि निषेध नगरी नेकपा-माओवादीसहितका अन्य सबै दलहरूको सहमतिमा संविधान निर्माण गरेमात्र त्यो संविधानको सार्थकता रहन सक्छ ।

पछिल्लो समयमा हेर्दा राजनीतिक दलहरू र सुशील कोइराला नेतृत्वको सरकार दुवै असफलतातर्फ उन्मुख हुँदै गएको आभास पाउन थालिएको छ । दलहरूकै कारण संविधानसभा/व्यवस्थापिका संसद्ले समेत पूर्णता पाउन सकेको छैन भने तिनै दलहरूको अकर्मण्यता र प्रधानमन्त्री कोइरालाको प्रशासनिक अनुभवहीनताका कारण सरकारले समेत पूर्णता पाउन सकेको छैन । अहिले केही मन्त्रालयहरू नेतृत्वविहीन भएका छन् । झन्डै एक महिनाअघि बढुवा भएका सचिवहरूलाई पदस्थापन गर्न कोइराला सरकार असफल भएको छ । हालै बढुवा भएका केही सचिवहरू पदस्थापन हुन नपाउँदै उमेरहदका कारण अवकासमा जाने प्रायनिश्चित जस्तै देखिएको छ भने केही मन्त्रीहरूले आफूखुसी व्यक्तिगत स्वार्थका लागि निर्णय गर्दै मन्त्रालयहरूमा सरूवा आतंक र संस्थानहरूका प्रमुखहरूलाई मन्त्रालयमा हाजिर गराउने जस्ता गैरजिम्मेवारीपूर्वकका कार्य गर्दासमेत प्रधानमन्त्री मौन रहेका छन् । प्रधानमन्त्री सुशील कोइराला राजनीतिमा सफल भए पनि उनीसँग प्रशासनिक अनुभव नभएको हुनाले त्यसको फाइदा मन्त्रीहरूले उठाउन थालेका छन् । हालै कृषि विकास मन्त्रालयका मन्त्री हरिप्रसाद पराजुलीले आफूले दिएको आदेश स्वीकार नगरेको भन्दै दुग्ध विकास संस्थानका निमित्त महाप्रवन्धक रामतपेश चौधरीलाई मन्त्रालयमा हाजिर गराएर दुग्ध विकास संस्थानका नवौँ तहका कर्मचारीलाई निमित्त महाप्रवन्धक बनाएका छन् । संस्थानको नियमावलीअनुसार संस्थानका उच्च तहका कर्मचारीलाई मन्त्रालयमा हाजिर गराउन सक्ने अधिकार सरकारलाई छैन । तर पनि मन्त्री पराजुलीले मुढेबलको भरमा चौधरीलाई मन्त्रालयमा हाजिर गराउनु सिधै गैरकानुनी भए पनि न त मन्त्रीलाई उनी सम्बन्धित पार्टीले कारबाही गर्न सकेको छ न त प्रधानमन्त्रीले नै । प्रधानमन्त्रीय पद्धतिमा मन्त्रीहरू भनेका प्रधानमन्त्रीका सहयोगी र सहायक मात्र हुन्, सबै निर्णय गर्ने अधिकार प्रधानमन्त्रीलाई मात्र हुन्छ । यदि प्रधानमन्त्रीसँग राय मिलेन भने मन्त्रीले राजीनामा दिएर हिंड्नुपर्छ । मन्त्रीले राजीनामा दिए पनि प्रधानमन्त्री भने रहिरहन्छ तर प्रधानमन्त्रीले राजीनामा दिएको खण्डमा मन्त्रीहरूले राजीनामा दिनु पर्दैन, त्यसैलाई प्रधानमन्त्रीय पद्धति भनिएको हो ।

प्रधानमन्त्रीले सबै मन्त्रीहरूले गरेका कामको जस र अपसज पनि लिनु पर्दछ । मन्त्रीहरू व्यक्तिगत रूपमा प्रधानमन्त्रीप्रति उत्तरदायी हुन्छ । नेपालको अन्तरिम संविधानले समेत त्यसलाई स्वीकार गरेको छ । तर संविधान ऐन कानुनमा कहीँ कतै उल्लेख नगरिएको विषयलाई हतियारको रूपमा प्रयोग गरेर आफूले भनेको मानेनन् भनेर कसैलाई अवकास दिने, कसैलाई मन्त्रालयमा हाजिर गराउने, कसैलाई मन्त्रीको इच्छाले निलम्बन गर्ने हो भने विधि र कानुनी शासनको अन्त्य हुन्छ । प्रधानमन्त्री सुशील कोइरालाले सुशासन र प्रशासन यन्त्रलाई चुस्त र दुरूस्त बनाउने प्रतिवद्धता जनाएका भए पनि उनको प्रतिवद्धतामाथि मन्त्रीहरूले नै धावा बोलेको हुनाले कतै मन्त्रीहरू नै प्रधानमन्त्री कोइरालालाई असफल बनाउन लागेका होइनन् भन्ने आशंका गर्ने ठाउँ देखिएको छ । प्रधानमन्त्री कोइरालाको प्रशासनिक अनुभवहिनताको फाइदा उठाउन खोज्ने व्यक्तिहरूमाथि बेलैमा नियन्त्रण नहुने हो भने केही समयपछि नै सुशील कोइराला नेतृत्वको सरकार असफल साबित हुनेछ । त्यसको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्री कोइरालाले नै बोक्नु पर्ने भएको हुनाले अब प्रधानमन्त्री कोइरालाले आफूलाई असफलताको मार्गमा जानबाट रोक्नका लागि प्रशासन विज्ञका रूपमा चिनिएका व्यक्तिहरूलाई समेटेर विज्ञहरूको एक टोली बनाई त्यसैको सल्लाह र सुझाव अनुसार सरकार सञ्चालन गर्नुपर्ने आवश्यकता खड्किएको छ । प्रधानमन्त्री कोइराला आफ्नै कारण र केही मन्त्रीहरूको भ्रष्ट क्रियाकलापका कारण असफल भएमा त्यो नेपाली काँग्रेसकै लागि घात सावित हुनसक्छ । किनकि कोइराला नेपाली काँग्रेसका सभापति पनि हुन् ।

पछिल्लो समयमा वागमती नदी जस्तै नेपालको राजनीति पनि फोहोरको आहालमा डुब्न लागेको छ । संविधानसभाको दोस्रो चुनावमा देखिएको अधिकांश उम्मेदवारी र बोलाबोलमा पार्टीहरूले दिएको टिकट, आफन्तहरूलाई बढाउने र डुबाउने खेल चुनावमा उम्मेदवारहरूले गरेको खर्च, अपारदर्शी राजनीति, दलहरूले चुनावमा भएको खर्चका विवारण सार्वजनिक नगर्नु, दलहरूको आर्थिक हिसाबकिताब जनताले थाहा पाउने गरी सार्वजनिक नगर्नु, यी सबै कारणहरूले गर्दा नेपालको राजनीति कमाउ र मोज गरे भन्ने मार्गतर्फ उन्मुख भएको छ । हिजो खुट्टामा चप्पल लगाउन नसक्नेहरू आज एक करोडको पजेरोमा सवार भएका छन् । मन्त्री भएको ८/१० महिनामै काठमाडौँमा महल बनेका छन् । मन्त्रीहरूले गैरकानुनी आदेश दिँदा त्यसको पालना नगर्ने व्यक्तिहरू सरूवा वा मन्त्रालयमा हाजिर गराइएका छन् । यी सबै विकृतिहरूलाई नियन्त्रण गर्न अब अख्तियार दुरूपयोग अनुसन्धान आयोग सक्रिय हुनै पर्दछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलेसमेत अब मन्त्री र सचिवहरूलाई समेत आफ्नो दायरामा ल्याएर भ्रष्ट व्यक्तिहरूलाई कानुनको कठघरमा नउभ्याएसम्म मन्त्री र सचिवहरूले कमाउधन्दा चलाइरहने सम्भावना बढेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारलाई पुरै शून्यमा झार्ने प्रयासमा लाग्नुभन्दा भ्रष्टाचार न्यूनिककरण गर्नेतर्फ उन्मुख भएको अहिले जनताले महसुस गरेका छन् । हिजो घुस नदिई कामै नहुने कार्यालयहरूमा अहिले केही मात्रामा भए पनि सेवाग्राहीहरूले सेवा पाउन थालेका छन् । भ्रष्टाचारको अखडा सिंहदरबार नै भएको हुनाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सिंहदरबारभित्र हुने नीतिगत निर्णयहरूमा हुने भ्रष्टाचारका बारेमा ध्यान पुऱ्याउन सक्नुपर्दछ । मन्त्री र सचिवबाट हुने नीतिगत भ्रष्टाचार रोक्न सके भ्रष्टाचारमा निकै कमी आउने प्राय:निश्चित रहेको छ ।

*devendrachudal@gmail.com*

# भ्रष्टाचारका किरा स्याउँस्याउँ सलबलाउन थाले



राजन कार्की

नयाँ ऋतु आउँछ, नयाँ पात पलाउँछन् र वृक्ष फुल्छ, फल्छ र ढकमक्क देखिन्छ, छहारी दिन सक्षम हुन्छ । घडीको सुई अग्रगामी सूचक हुन्, यही हो प्रकृति र परिवर्तन । नेपाली राजनीतिमा परिवर्तन त आयो तर यो परिवर्तन युवाशक्ति र आम जनताको मुहारमा पीडामात्र भएर छायो । परिवर्तनको वसन्तपर्व राजनीतिक दलहरूको बन्धकमा पर्‍यो, साझा बहार बन्न सकेन ।

मान्छे विवेकशील भएकाले ऊ हरदम केही नयाँ खोज्छ, केही नयाँ गर्छ । प्रत्येक नागरिकमा देखिने परिवर्तनको भाव, उसले गर्ने उद्दम, उसभित्रको शीप र कौशलले जब निखारिने अवसर पाउँछ तव मुलुक सुशासन, समृद्धशाली भएर परिवर्तित हुँदै जान्छ । नेपाल र नेपालीका सन्दर्भलाई परिवर्तनको कसीमा घोट्दा भ्रष्टाचारको दलदलभन्दा केही देखिन्न । परिवर्तन सुन हुनसकेन, पित्तल बन्यो । किन हामी त्यो अमानवीय भ्रष्टाचारबाट निस्किन सकेनौं, त्यही दलदलमा झन झन भासिदै गएका छौं, यो वर्तमान कालखण्डको यक्ष प्रश्न हो । यो सवालको जवाफ खोज्ने जिम्मेवारी हामी नागरिककै हो ।

किनभने पुरानो पुस्ताले सकेन, नयाँ पुस्ता अघि सरेन । युवाहरूलाई उठ्नै दिइएन । युवा हुन् परिवर्तनका बाहक, सुशासन र निर्माणका साधक । नेपालका सन्दर्भमा जति पनि राजनीतिक परिवर्तन भएका छन्, युवाको हौसलाका प्रतीक हुन् । तर, त्यो परिवर्तनलाई युवाले चाहेजसरी उपयोग गर्न रोकियो, बुढो पुस्ता बाधक बनिदियो । निराश युवा पुस्ताले बुढो पुस्तालाई उछिन्ने साहस र आँट देखाएन, उसको मर्यादाले दिएन । अनेक कारणले युवापुस्ता विदेशी धर्तीतिर आकर्षित भएको लामो समय भइसक्यो । जसरी पनि विदेश जाने, सके युरोप-अमेरिका छिर्ने, नसके खाडी मुलुक वा भारतमै भए पनि पलायन हुने प्रवृत्ति ह्वात्तै बढेको छ । विदेश छिर्न सके अवसर पाइन्थ्यो, रोजगारी मिल्थ्यो, भविष्य बन्थ्यो, जहानबच्चा, पितामाताको हेरविचार गर्न सकिन्थ्यो भन्ने विश्वासले घर गरेको छ युवा मानसिकतामा । बीसमा उनाइस युवालाई सोध्नोस्, यो देशमा केही छैन, केही हुन्न, अवसर पाइन्न, गरिखान दिइन्न भनेर धकै नमानी नैराश्यता प्रकट गर्छ । युवाजमातको विदेश पलायन हुने यो झिल्को यतिखेर डढेलो बनिसकेको छ । गाउँ गाउँ युवाविहीन हुन थालिसकेको छ । थामिनसक्नु, झेलिनसक्नु, सुधारिनसक्नुको यो युवा पलायनको महामारीको जिम्मेवार को ? मुलुकलाइ यसरी खोत्रो पार्ने नेतृत्व कुन अग्रगमनको, कुन देशभक्तिको, कुन निर्माण र प्रगतिको कुरा गरिरहेको छ ? यस्तो तन्नम र तुहिएको राजनीति कहिले पार लाग्ला ? कसरी मुलुकको तारणहार बन्ला ?

हिजो जनयुद्धका नाममा छलयुद्ध ( विदेशी संरक्षणमा लुकेर र ढुकेर हान्ने) गर्नेहरूको अनुहार कति देशभक्तिपूर्ण रहेछ, तीन वर्ष अघि नै अलजजिरा टिभीबाट भारतका विदेशमन्त्रीले (हालका राष्ट्रपति प्रणव मुखर्जी) प्रष्ट पारिदिएका थिए भने आज त्यही पार्टीभित्रबाट 'र'सँगको उठबस के हो ? भनेर प्रश्न उठिरहेबाट छर्लङ्ग भइसकेको छ । यिनै हुन् नेपाललाई उत्तर वा दक्षिणतिर मर्ज हुनसक्छ भनेर अस्तित्वको नयाँ त्रासदी खडा गर्नेहरू । समाजवाद र जनवादको बिडा उठाउनेहरूको कूशासन र अवसरवाद पनि देखिएकै हो । तिनै द्रव्यपिचास र असूर प्रवृत्ति बोकेकाहरू आफूलाई परिवर्तनकारी ठान्छन्, पटक पटक सत्ता र शक्तिमा पुग्छन् र भ्रष्टाचारमात्र गर्छन् । अर्जुनदृष्टिका चाखलाग्दा भाषण गर्छन् र दुशासन व्यवहार देखाइरहेका छन् । यिनले राज्यका संयन्त्रहरू, सुरक्षा निकायमा यसरी राजनीतिक भ्रष्टाचारीकरणको बिउ छरेका छन् कि ती बीउ विष वृक्ष बनेर मुलुकलाई असफल राष्ट्रको कोटीमा पुर्‍याइसकेका छन् । वर्तमानमा नेपाल भनेको भ्रष्टाचारी, दण्डहीन, आपराधिक मुलुक बन्न पुगेको छ ।

स्याउँस्याउँ भ्रष्टाचार सलबलाएका छन् । कहाँ छैन भ्रष्टाचार ? गाविसदेखि जिविससम्म, निर्वाचनदेखि संविधानसभासम्म, प्रजिअदेखि मन्त्रालयसम्म, कार्यकर्तादेखि नेतासम्म, नून, तेल, पानीदेखि औषधिसम्म जहाँ हेरे पनि भ्रष्टाचारै भ्रष्टाचार । उद्यम, व्यापार, आयात, निर्यात, उत्पादन, बिक्री जता पनि भ्रष्टाचार । परीक्षा, नतिजा, नियुक्ती, सरूवा, बढुवामा पनि भ्रष्टाचार । न्याय र कानुन, सुरक्षा र शान्तिका नाममा समेत भ्रष्टाचार व्याप्त छ । गरिवी निवारण कोषमा लूट छ, कतै खातैखात कतै पुर्पुरोमा हात छ । भ्रष्टाचारको धुलोले शासन, सत्तालाई प्रदूषणयुक्त बनाइदिएको छ । भ्रष्टाचारले आपराधिकरण बढाइरहेको छ र अपराधीहरूका लागि राजनीतिक नेता र पार्टी चोखिने बाइसधारा बनेका छन् । संविधानसभाको जनप्रतिनिधित्व गर्ने सभासद्को किनबेचको भ्रष्टाचारिकरणले संविधानसभालाई कलकित पारिदिएको छ । यस्ता सभासद् रहेको संविधानसभाले निर्माण गर्ने संविधान र कानुन कति न्यायसंगत, पवित्र र सर्वमान्य दस्तावेज बन्ल, सहज रूपमा आशंका उठ्छ ।

यो खुला भ्रष्टाचारमय रमिता हेर्न सकेन युवाले, हतासियो र विदेशतिर बतासियो युवा मन । भ्रष्टाचारको जालो चिर्ने र च्यात्नुपर्ने युवाले हो । युवा हार खाएर देशबाहिर भाग्दैछन् । जो स्वदेशमा छन् उनीहरू बूढो पुस्ताको बसमा छन्, चक्रव्यूहमा छन् र नेतृत्व तहमा पुग्न सकिरहेका देखिदैनन् । सुशील, प्रचण्ड, झलनाथ अथवा माधव नेपालहरू युवालाई मुलुकको नेतृत्व सुम्पन तैयार छैनन । आज पनि युवा भनेका उनीहरूका औजार हुन्, जो सत्ता र शक्ति प्राप्तिका लागि हुलदंगामा प्रयोग हुने निर्जिव इटा, ढुंगाभन्दा भिन्न देखिन्नन् । जब युवाको यतिबिघ्न अपमान हुन्छ, तिनका सपनाको बलात्कार हुन्छ, त्यो मुलुकले सुशासनको मुख हेर्न पाएन भनेर के दुःखमनाउ गर्नु ? युवा अग्रसर नभएसम्म मुलुक र मुलुकबासीको यस्तो दुर्दसा कति देखिन्छ, देखिन्छ । विचारलाई बाहुबलले निचोरेपछि देशले यस्तै महगो मूल्य चुकाउनु पर्छ ।

लक्ष्य र सिद्धान्तहीन राजनीति, भ्रष्ट नेता, नैतिकहीन अधिकारकर्मी र बुद्धिजीवी, भरौटे प्रशासन, झोले कार्यकर्ताले भरिपूर्ण मुलुक भएको छ नेपाल । यहाँ शुद्धताको, समानताको, सौर्यको कुरा गर्नु बेकार छ । सबै भ्रष्टाचारका प्रतीक बनेका छन् र त्यही मेलामा रमाइरहेका छन् सुरक्षा निकाय पनि । भ्रष्टाचारमाथि हस्तक्षेप गर्न कोही तैयार छैन । नेपाल बिमार छ, बिमारीको कुनै ओखती देखिदैन । नियन्त्रण नहुँदा सन्तुलन बिग्रिएको छ । ओखती हो युवा जसले नेतृत्व पायो भने भ्रष्टाचार, आपराधिकरणको जालो फाड्न सक्छ तर प्रचूर सम्भाबना बोकेको युवा जमातलाई नेतृत्व दिने र तिनीहरू भित्रको देशभक्ति जगाइदिने कोही भएन । खरावहरूको बीचबाट कम खरावलाई छान्दै भर्खर संवधानसभाको निर्वाचन सम्पन्न त भयो तर सपथ नखाँदै, बैठक नबस्दै यति धेरै बिकृति र बिसंगति देखिइसक्यो कि सगर थाम्ने मै हुँ भन्ने हुटिट्याउँजस्तो चाला यिनले देखाउन थालिसकेका छन् । संविधानसभालाई सर्वौषधि ठानेर संविधानसभाकै दोस्रो निर्वाचन किन गर्नुपर्‍यो ? यो प्रश्नको गहनता र महत्व पार्टीहरूले नबुझेर सत्तातिर सूर्यमुखी बनेको देख्दा यिनीहरू फेरि चिलौनेको ठुटो साबित हुने त होइनन् ? आशंका बढ्न थालेको छ ।

खरावी प्रणालीमा थिएन, पद्धतिमा पनि छैन । लोकतन्त्र अँगालेका मुलुकहरू यही पद्धतिलाई राजमार्ग बनाएर समानता र सम्पन्नताको शिखरमा आरोहण गरिरहेका छन् । त्यसैले निकास युवामा खोज्नुपर्छ । मानव निकासी गरेर कुनै मुलुक पनि सम्पन्न भएको छैन । युवा पलायन भएका मुलुक अस्तित्वरक्षाका लागि जुधिरहेका छन् । विदेशपरस्त नेता भएका धेरै मुलुकले अस्तित्व गुमाइसकेको छ । नेपालको अस्तित्वरक्षा गर्ने, नेपालीत्व बचाउने र सुशासन स्थापित गर्ने हो भने जसरी सिंगापुर र ताइवानले युवा परिचालनको ऐतिहासिक निर्णय लिएका थिए, त्यसै गरेर नेपालले पनि यौटा साहसिक निर्णय लिनेबेला भयो । त्यो साहसिक निर्णयका लागि मुलुकप्रति सबै तह र तप्काका जिम्मेवार नागरिकहरूले दबाब सिर्जना गर्नुपर्छ । देशले थप बिध्वंश सहन गर्ने क्षमता गुमाउँदै गइसक्यो ।

'सिंगापुर पद्धति' भनेको भ्रष्टाचारले क्षतबिक्षत भइसकेको सिंगापुरमा सुशासनको पुनःर्जन्म हो । सिंगापुर जब भ्रष्टाचारको दलदलमा भासिएको थियो, एकाएक इमानदार, योग्य र क्षमतावान युवाहरूलाई सरकारी सेवामा आकर्षित गरियो र विद्यमान कर्मचारीहरूलाई धेरै तलवभत्ता बढाइयो । जव सरकारी कार्यालयमा युवाको प्रवेश भयो, भ्रष्टाचार यसरी ठप्प भयो कि सेवाग्राही आम जनताले सेवा पाउनथाले, जसको जगमा आजको एसियाको युरोप बन्न सफल भयो सिंगापुर । यस्तै हालत थियो ताइवानको । राजनीतिक अराजकताले अस्थिरता र आपराधिकरण व्याप्त भयो । के गर्ने, के नगर्ने भन्ने स्थितिमा एकाएक प्रिन्स्टन विश्वविद्यालयका स्नातक, विद्यावारिधि गरेका विद्यार्थीहरूलाई राजनीतिक र आर्थिक सल्लाहकारमा नियुक्त गरियो । कतिपय कर्मचारी, नीतिकार र योजनाकार बने । युवाले बनाएको नीतिका कार्यान्वयनकर्ता युवा नै भए । फलतः ताइवान सम्पन्नता र प्रगतिको उकालो उक्लन सफल भयो । दक्षिण कोरियाको सम्पन्नताको इतिहास पनि त्यस्तै छ । युवा र बिगहाउसहरू विदेश पलायन भए । कोरियाले ती सबैलाई स्वदेश फर्कन आकर्षित गर्‍यो र विदेशमा सिकेका सिपलाई स्वदेशमै उपयोग गर्नसकिने उपयुक्त वातावरण बनाइदियो । फलत आज दक्षिण कोरिया उद्यम, उत्पादन र निर्यातको शिखरमा पुगेको छ ।

नेपालमा उर्जाशील, उद्यमी, नैतिकवान र इमानदार युवाहरू जति पनि छन् । अवसर पाए पलायन भएका युवाहरू स्वदेश फर्कन तैयार छन् । किन नेपालले 'सिंगापुर, ताइवान, कोरिया पद्धति' नअपनाउने ? जब युवाहरू आफ्नै देशप्रति आकर्षित हुनेछन्, तव सुशासनको झल्का देखिन थाल्छ र अराजकता निर्माणशक्ति बन्न बाध्य हुनेछ । आजका युवा देश निर्माणमा लाग्दा आगामी पुस्ताले वर्तमान पुस्ताले झैं आफ्नो स्वाभिमानमाथि बलात्कार भएको पीडा खेप्नु र खप्नुपर्ने छैन । यही हो भावी नेपालको सशक्तिकरण, सुरक्षाको प्रत्याभूति । युवालाई देशभित्रैका क्षमताअनुसारका कर्ममा क्रियाशील बनाएर किन निर्माण र नविकरण नगर्ने ? आज देशलाई युवाको खाँचो छ, युवा छन् तर खाँचो पूर्ति गर्न गराउन युवाका पक्षमा कोही बोलिरहेका छैनन् । युवाले पनि पलायन हुन सजिलो ठानेर आत्मकेन्द्रीत हुनुभन्दा आफ्नै भूमिमा टेकेर केही गर्न कम्मर कस्नु जरूरी छ । यसैमा देशको अस्तित्व सुरक्षित हुनेछ ।



# Balochistan in the Eye of Wicked Strom

Located on the southwestern coast of Pakistan, Balochistan's Gwadar deep-seaport is close to the Strait of Hormuz from where more than 17 million barrels of oil passes every day. Its ideal location among three key regions, South Asia, the oil-rich Middle East, and oil and gas-resourced Central Asia has further increased its strategic significance. Its development with Chinese assistance and latter's bilateral agreements with Islamabad has shifted the great game of Central Asia to Pakistan.

Besides, Balochistan's abundant mineral resources like gas, coal and gold, entailing Pakistan's close ties with China pinches the eyes of the US, India, Israel and some western countries which intend to destabilize Pakistan for their collective aims. These hostile powers are trying to create fissures between Islamabad and Beijing so as to sabotage their strategic alliance.

In this regard, Balochistan's business and trade opportunities have also made it important for US, EU, Russia, China, India, Iran, Afghanistan and Central Asian Republics to play the great game, while anti-Pakistan powers are secretly working to create conditions to control and influence the resource-rich zones, disregarding the compulsions of mainland integration.

While terror-acts and human rights violations are already keep on going in Balochistan, but without grasping reality, and using the existing political predicament in the province as a pretext to encourage separatism, external enemies raise voice on human rights violations over projection of mass graves which were found in Tootak area of Khuzdar on January 25, 2014. And Baloch Sub Nationalists (BSNs) have unleashed false allegations against Pakistan by purporting fabricated figures of bodies over 150 and declaring these bodies as missing Persons—articulated voices of external enemies to alleged enforced disappearances, holding Pakistan's security forces and law-enforcing agencies responsible for every wrong which takes place in Balochistan. It seems ridiculous when some of them allegedly say that security agencies are behind terrorist activities in Balochistan.

Nevertheless, on 30 January 30, 2014, US Congressman Louie Gohmert delivered a highly venomous speech at US House of Representatives on Balochistan Situation, citing his meeting with BSN leadership, which was broadcasted live on Cable Satellite Public Affairs Network in US. Senator Gohmert also read out the article of Tarek Fateh (Canada based BSNs' sympathizer), published by Toronto "SUN" on January 28, criticizing US for ignoring the mass graves issue during US Senator John Kerry's meeting with Pakistan's National and Foreign Affairs Advisor Sartaj Aziz.

Notably, India, US and Israel have been internationalizing the Balochistan issue in accordance with their secret goals. In this respect, in connivance with the Baloch separatist leaders who have taken refuge in Switzerland, Sweden, US and London, these external elements use media, various NGOs and human rights organizations for false propaganda against Pakistan's security agencies in relation to extrajudicial killings, mutilated bodies and the missing persons.

As regards the deteriorating situation of Balochistan and the missing persons, everyone knows that Balochistan Liberation Army (BLA) and their affiliated outfits including another group, Jundollah (God's soldiers) which have been fighting for secession of the province gets logistic support from American CIA and Indian RAW—these militants kidnapped and killed many innocent people and the security personnel in the province. They also massacred many persons through suicide attacks, bomb blasts, targeted killings and sectarian violence. Therefore, they are responsible for dumped bodies and extrajudicial killings in the province. On a number of occasions, these insurgent groups claimed responsibility for their subversive acts. A majority of the disappeared individuals are also in the detention centers (Farrari Camps) which are being run by Baloch feudal lords (Sardars) who want to continue old system of feudalism in the province.

Unfortunately, BLA and BSNs are also in collusion with some US Congressmen to get foreign support so as to animate the scheme of separatism in Balochistan. In this context, dissidents like Khan of Kalat Mir Suleman Khan, Hyrbyair Marri, Mehrab Sarjov and others are busy in Europe and US to project Balochistan issue on international level. For the purpose, these leaders and especially, Baloch feudal lord, Khan of Kalat planned to take the issue of Balochistan to International Court of Justice (ICJ) and expected that India would pay $2.4 million lawyers' fee to contest their case in ICJ. As Indian support did not get materialized, these leaders contacted to US officials to forward their case.

In February 8, 2012, three Republican Congressmen including Dana Rohrabacher, Louie Gohmert and Steve King tabled a bill before US Congress stating, "Balochistan is currently divided between Pakistan, Iran and Afghanistan with no sovereign rights of its own. In Pakistani Balochistan the people are subjected to violence and extrajudicial killings." The bill favoured Baloch rights of self-determination, having a sovereign state—and must be afforded the opportunity to choose their own status.

Earlier, the US subcommittee on 'Oversight and Investigations of the House Committee on Foreign Affairs' convened a hearing on extrajudicial killings and violation of human rights in Baluchistan. Rohrabacher chaired the meeting, while Lt. Col. (R) Ralph Peters testified. Lt. Col. (R) Peters is the architect of infamous 2006—New Middle East map and is an advocator for the disintegration of Muslim states on sectarian and religious lines. His map shows a number of Islamic countries including Pakistan as truncated. While writing in the June 2006 issue of The Armed Forces Journal of the US, he had suggested Washington about the creation of a "Greater Balochistan" which would integrate the Baloch areas of Pakistan with those of Iran—and the Frontier Province (Khyber Pakhtoonkhwa) should be incorporated into Afghanistan."

Although the US Administration quickly distanced itself from Congressional hearing by Rohrabacher and Peters' testimony, yet US denial does not augur well with ground reality, as American think tanks, NGOs and websites go on instigating the separatist elements in Baluchistan. US State Department which funded National Endowment for Democracy (NED) and Voice of Baluchistan (VOB) have been instrumental in fomenting dissension and nationalistic feelings in the province. It has been pressurizing Pakistan to allow opening of a US consulate in Quetta. The aim is to execute US covert designs against Islamabad.

It is mentionable that the Tea Party members in US Congress, especially Dana Rohrabacher, Louie Gohmert and Steve King are reportedly working to create an independent Balochistan. Their leaders are angry with Pakistan on the self-created presumption of sheltering Osama-bin-Laden, and intend to teach a lesson to Islamabad by assisting the Baloch separatists. These Tea Party members who currently back the idea of a sovereign Balochistan were in the forefront of Afghan Jihad against the former Russia. They also held meetings with dissidents in London.

As a result of the general elections 2013, the government led by a nationalist leader Chief Minister Balochistan Dr Abdul Malik Baloch was established. And on December 7, 2013; local bodies elections were largely held in a peaceful manner in Balochistan. However, these elections proved that majority of the Baloch are loyal to the federation, as they have rejected the case of separatists, being projected by Dana Rohrabacher including other entities.

Now, the right hour has come that Pakistan's internal entities, particularly media must expose the foreign sinister aims against Balochistan. They must indicate that Baloch dissidents are being supported by external forces which are actually having devouring eyes on Balochistan's mineral deposits. US Congressmen must also not encourage separatist elements in the province to advance their own agenda to usurp resources of Balochistan. US government must not muddle in the intr"ernal affairs of Pakistan, otherwise it will lead to dangerous consequences.

Pakistani media, civil society, political parties and judiciary must realize that Balochistan is being plotted as part of the great game in which US and its allies plan to fulfil their strategic interests at the cost of Pakistan and China. Hence, all Pakistanis must get united to negate and defeat the greedy designs of US, EU and India.

Political instability in Balochistan must come to an end and present government in Balochistan must be supported by media, civil society and political parties. Our media must denounce the intriguing designs of US members of the Tea Party, who are showing their hypocrisy and double face regarding Balochistan. Media should point out that these hostile members draw sanctified reference from British colonial era of the 18the century when a protest in Boston against absurd taxation on Tea (product) was held by a Tea Party as a measure of raising voice for human rights. The situation in Balochistan presents an internal issue of Pakistan which has mainly been addressed by the political leadership.

The issue of mass graves is under court investigations and official findings are being completed through DNA testing. Hostile propaganda by BSNs that actual number of bodies found was much higher than 13, as officially reported, must be countered. Foreign propaganda should not be allowed to encourage the separatists who are in minority.

Media must also indicate that besides protecting mega projects, and promoting other developments works, Pak Army set up a number of institutes in Balochistan, which have been providing especially technical training to thousands of Balochis. Pak Army has also been imparting military training to the Baloch youth. The purpose is to bring the Baloch people in the mainstream of the country.

We must counter foreign designs and denounce meetings between Baloch dissidents and US Congressmen by exposing the connivance of anti-Pakistan forces against Balochistan.



# बैंकिङ क्षेत्रका कमीकमजोरी

*दीपकराज जोशी*

फागुनको अन्तिम साता एक राष्ट्रिय दैनिकमा ३३ करोड ऋण लिएर उद्योगी बेपत्ता भएकोबारे समाचार प्रकाशित भएको थियो । त्यसरी बेपत्ता हुने वीरगन्जका कृष्ण मोर्डन दाल उद्योगका सञ्चालक नन्दलाल दोकानिया रहेछन् । विभिन्न बैंकबाट विनाधितो ऋण प्रवाह गराई परिवारसहित बेपत्ता हुनु नेपाली अर्थतन्त्रका लागि निकै गम्भीर विषय हो । उनी त एक उदाहरण मात्र हुन् । त्यस्तो बैंकिङ प्राक्टिस गर्ने थुप्रै व्यवसायी रहेको विभिन्न बैंकमा कार्यरत बैंकर नै बताउँछन् । वर्तमान परिप्रेक्षमा नेपालको अर्थतन्त्र बजारका लागि यस्तो हुनु गम्भीर विषय हो । त्यसैगरी नेपाल वाणिज्य बैंकबाट पनि कैयौँले लाखौं लाख ऋण लिएको र हाल सो रकम नउठ्ने पक्कापक्की भएको बताइन्छ ।

ठुला व्यावसायिक घरानाले अचल सम्पत्ति धितोविनै विभिन्न बैंकबाट 'हाइपोथेकेसन'बापत अर्बौं अर्ब कर्जा लिने छुट कानुनले पनि दिएको देखिन्छ । आफ्नै उद्योगमा आगो लगाउने अनि आफैं सञ्चालक रहेको बिमा कम्पनीबाट आगोले नोक्सान गरेको करोडौं क्षतिपूर्ति लिने गरेको पनि हामीले बारम्बार सुन्दै आएकै कुरा हो । यसरी असुलिएको रकम वा विनाधितो लिइएको कर्जालाई विभिन्न हुन्डीमार्फत विदेशमा निवेश गर्ने चलन निकै चल्तीमा छ । यस्तो लाग्छ, यस्तै क्रियाकलाप दोहोऱ्याउनका लागि पहुँचवालाहरूले हुन्डी प्रणाली चलाएका होलान् । हाम्रो मुलुकको कानुनले यतिसम्म छुट दिइएको छ कि बैंकले पत्याएमा जस्ले पनि सहजै विनाधितो ऋण पाउन सक्छ । यसरी विनाधितो ऋण दिनु कतिसम्म जायज हो, बैंकिङ कानुन बनाउनेलाई नै थाहा हुनुपर्ने हो । तर, के यसरी ऋण दिँदै जाने हो र ऋणी फरार हुँदै जाने हो भने देशको अर्थतन्त्रको अवस्था कस्तो होला ? कसैले सोच्न भ्याएको छ त यसतर्फ ? यस्ता क्रियाकलापले सर्वसाधारण जनताको निक्षेपमा आउने खतराको जिम्मेवारी कसले लिने ? नेपाल राष्ट्र बैंकले विभिन्न बैंक तथा वित्तीय संस्थालाई इजाजत दिने तर नियमन नगर्ने परिपाटीले नेपालको अर्थतन्त्र धराशयी हुन गएको छर्लंग छ । नेपाल सरकारसँग पनि यस्ता क्रियाकलाप रोक्ने कुनै त्यस्तो मेकानिज्म नरहेको स्पष्ट देख्न सकिन्छ ।

विनाधितो ऋण पाउने हो भने 'एक्सिस ट्रेडिङ' को खराब अभ्यास सुरू हुन सक्छ । त्यस्तो ऋण लिने व्यक्ति तथा संस्था ऋण दिने संस्था तथा नेपाल सरकारप्रति अनुत्तरदायी हुन सक्ने प्रबल सम्भावना रहन्छ । यदि यस्ता क्रियकलाप तुरून्त नरोक्ने हो भने भविष्यमा आउन सक्ने संकटको जिम्मेवार को हुने भन्नेतर्फ पनि ध्यान जानु जरूरी देखिन्छ । गाउँ तथा सहरका ससाना व्यापारी तथा सर्वसाधारणलाई सामान्य ऋण दिन पनि सकस पार्ने नेपाली बैंकिङ कर्जा प्रवाह प्रणालीले गर्दा नै नेपाली अर्थतन्त्र धराशयी हुने अवस्थामा छ । हालै किस्ट बैंकका प्रमुखले खराब कर्जा प्रवाह गरेकै कारण निर्दोष कर्मचारीले जागिर खाएकै भरमा मुद्दा खेप्नुपर्ने अवस्था आएको छ । बैंकका शक्तिशाली पदमा बसी पदीय आचरणको दुरूपयोग गर्ने सञ्चालकप्रति को जवाफदेही छ ? यसरी एउटै व्यापारिक समूहले ठूलो मात्रामा ऋण लिंदा बैंकलाई ठूलो जोखिम हुने गरेको छ । हामीसँग त्यस्ता क्रियाकलाप रोक्न कानुन छैन । भए पनि त्यसको पूर्ण परिपालन नहुँदा नेपाली अर्थ जगत्मा संकट आउने निश्चित छ । यसप्रति सबैको ध्यान जानु जरूरी छ । यस्ता खराब कर्जा प्रवाहका कारण धराशयी हुने बैंकिङ संस्थामा गोरखा विकास बैंक, किष्ट बैंक, नेपाल डेभलपमेन्ट बैंक, नेपाल सेयर मार्केट, युनाइटेड विकासलगायत बैंक तथा वित्तीय संस्था छन् । यस्ता क्रियाकलाप निरूत्साहित पार्न नेपाल राष्ट्र बैंकले तुरून्त आवश्यक छानबिन गरी यथाशक्य चाँडो निर्देशन जारी नगरे देश ठूलो भड्खालोमा पर्ने निश्चित छ ।

राष्ट्र बैंकले अचल सम्पत्तिको धितोविना ऋण दिने व्यवस्था कायम राखेमा नेपालबाट आगामी केही वर्षमै विभिन्न हुन्डीमार्फत मोटो पुंजी पलायन भई देश गम्भीर आर्थिक संकटमा पर्ने निश्चित छ । विभिन्न ठूला व्यावसायिक घराना तथा नेपाल-भारत सीमामा व्यापार गर्ने व्यापारीले नेपाली कानुनको कमजोरीको फाइदा उठाउन सक्ने खतरा छ । यसबाट राष्ट्रिय अर्थतन्त्र नै तहसनहस पार्ने गरी राज्यलाई ठूलो आर्थिक संकटमा पार्ने नियोजित षड्यन्त्र नहोला भन्न सकिन्न । नेपालका बैंकलाई टाट पल्टाई नेपालको भौतिक, सामाजिक तथा आर्थिक संरचनामा खलल पार्ने र मुलुकलाई झनै कमजोर स्थितिमा पुऱ्याउने खतरा पनि छ । यस्ता क्रियाकलाप रोक्नका लागि नेपाल राष्ट्र बैंकको भूमिका महत्वपूर्ण हुन्छ । सरोकारवालाहरूको निम्न बुँदामा अविलम्ब ध्यान जानु जरूरी देखिन्छ :

१. अचल सम्पत्ति मूल्यांकन गरी सो मूल्यांकनको ७० प्रतिशतसम्म मात्र कर्जा प्रवाह हुनुपर्ने ।

२. 'मल्टिपल बैंकिङ' गर्ने व्यावसायिक घरानालाई कर कार्यालयमा दाखिला गरेको वासलात र नाफा नोक्सानमा देखाइएको वित्तीय विवरणका आधारमा सबै बैंकले कुल बिक्रीको २५ प्रतिशतसम्म मात्र कर्जा प्रवाह गर्नुपर्ने ।

३. कुनै बैंकले मल्टिपल व्यवसाय गर्ने समूहलाई विनाअचल धितो र बिक्रीलाई 'जस्टिफाइ' हुने गरी कर्जा दिएमा सम्पूर्ण कर्जाको 'लोन लस प्रोभिजन' गर्नुपर्ने ।

४. धेरैजसो बैंकले छोटो अवधिको ऋण भनेर पुरानो डुब्ने अवस्थामा रहेको ऋण तिर्नका लागि लोन दिने र त्यसैले पुरानो कर्जा चुक्ता गर्ने गरेको पाइएकाले यस्ता क्रियाकलापबाट बैंकहरू ठूलो दुर्घटनामा पर्न सक्ने खतरा छ । तसर्थ, त्यस्तो कर्जाको व्यवस्था तुरून्त नषेध गरियोस् । यदि त्यसरी ऋण दिने हो भने पहिला सर्वसाधारणको निक्षेपको सुरक्षा गरियोस् ।

५. विभिन्न व्यापारिक समूहले कार्टेलिङ गरी बैंकलाई धम्क्याई विनाधितो कर्जा लिएर नतिरी बैंकको कर्जामा मस्ती गर्ने परिपाटी पनि बढ्दो छ । यस्ता व्यापारिक घरानाको प्रभावमा परी दिइएको कर्जामा तुरून्त छानबिन गरी कर्जाबापतको अचल सम्पत्ति धितो राख्ने व्यवस्था लागू गर्न र विनाधितोको कर्जालाई शतप्रतिशत 'लोन लस प्रोभिजन' गरी असुलउपर गर्नेतर्फ कडा निर्देशन जारी हुनुपर्ने ।

६. विभिन्न बैंकबाट आफ्ना नजिकका नातेदारलाई लोन दिन लगाउने र सो लोन आफैं प्रयोग गर्ने गरेका अवस्था छ । तर, विनाधितो कर्जा दिने व्यवस्था रोक्ने हो भने यस्ता गलत क्रियाकलाप गर्ने व्यवसायी निरूत्साही हुने निश्चित छ ।

**मुलुकको कानुनले यतिसम्म छुट दिइएको छ कि बैंकले पत्याएमा जसले पनि सहजै विनाधितो ऋण पाउन सक्छ । यसरी विनाधितो ऋण दिनु कतिसम्म जायज हो, बैंकिङ कानुन बनाउनेलाई नै थाहा हुनुपर्ने हो ।**

---

# महिला : निजामति सेवामा न्यून किन?

*तारा वाग्ले*

नीति निर्माणको तहमा महिलाको सहभागिता बढाउनुपर्ने विषयमा लामो बहस चलिरहेको छ । तर, राज्यको स्थायी सरकारका रूपमा रहेको निजामती सेवाको निर्णायक तहमा महिलाको सङ्ख्या अत्यन्तै निराशाजनक छ । जहाँ ५० प्रतिशत सहभागिताको कुरा त परै जाओस् ३३ प्रतिशत आरक्षणबाट पनि एक प्रतिशत महिला पुऱ्याउन मुस्किल छ । किनभने निजामती सेवाको विशिष्ट श्रेणीमा रहेर नीति निर्माणको जिम्मेवारी पाउने महिलाको सङ्ख्या शून्य छ । निजामती सेवाको विशिष्ट श्रेणीको सय प्रतिशत स्थान पुरूषले ओगटेका छन् ।

नेपालको निजामती सेवामा समावेशीकरणको सिद्धान्त लागू हुनुभन्दा अगाडि निजामती सेवाको कुल दरबन्दीमा पुरूष कर्मचारीको सङ्ख्या ७० हजार तीन सय ६८ (८८.९१ प्रतिशत) रहेको र महिलाको सङ्ख्या भने आठ हजार सात सय ७४ (११.०९ प्रतिशत) रहेको थियो । यसले नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व नगन्य रहेको स्पष्ट पार्दछ । निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन, २०६४ ले महिलाका लागि गरेको आरक्षणको व्यवस्था लागू भएपछि चार-पाँच वर्षको अवधिमा निजामती सेवामा महिला सङ्ख्यामा वृद्धि भई १० हजार सात सय ७३ (१३.८४ प्रतिशत) पुगेको थियो ।

निजामती सेवाको कुनै पनि तहमा महिलाको सहभागिता सन्तोषजनक छैन । निजामती किताबखानाको पछिल्लो तथ्याङ्कअनुसार निजामती सेवामा कार्यरत ७९ हजार नौ सय तीन कर्मचारीमध्ये महिलाको सङ्ख्या १२ हजार तीन सय १५ मात्र छ ।

निजामती सेवामा महिला सहभागिता बढाउन कानुनले विशेष व्यवस्था गरेपछि बिस्तारै निजामती सेवामा महिलाको उपस्थिति बढ्न थालेको छ । राज्यका हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउनुपर्ने मागअनुरूप सरकारले निजामती सेवामा पनि ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । निजामती सेवा दोस्रो संशोधन ऐन २०६४ को दफा ७ ले निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताको ४५ प्रतिशत महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रलाई छुट्याएको छ । यसै व्यवस्थाबाट निजामती सेवाको अन्य तहमा महिलाको सहभागिता बढे पनि अहिलेको जल्दोबल्दो मुद्दा बनेको नीति निर्माणको तहमा भने सहभागिता बढ्न सकेको छैन ।

हुनत निजामती सेवामा महिलाको सहभागिता बढाउन कानुनले विशेष व्यवस्था गरेको छ । तर, त्यो प्रभावकारी भने हुन सकेको छैन । किनभने निजामती सेवा दोस्रो संशोधन ऐन, २०६४ को दफा २१ मा बढुवाको उम्मेदवार हुन कार्यरत पदमा महिलाले चार वर्ष र पुरूषले पाँच वर्ष काम गर्नुपर्ने व्यवस्था छ । महिलाका लागि एक वर्षअघि नै बढुवाको उम्मेदवार हुने व्यवस्था भए पनि अन्य प्रक्रिया भने पुरूषले सरह पूरा गर्नुपर्छ । बढुवाका लागि कार्यक्षमताको आधारअनुसार कार्य सम्पादन, मूल्याङ्कन, ज्येष्ठता, शैक्षिक योग्यता, भौगोलिक क्षेत्रमा काम गरेको तथा तालिम लिएबापत तोकिएको अङ्क ल्याउनुपर्छ । यो प्रक्रिया महिलाले पनि पूरा गर्नुपर्ने हुँदा एक वर्ष छिटो बढुवाको उम्मेदवार हुन पाइने व्यवस्था त्यति प्रभावकारी छैन । यस व्यवस्थाले उल्टै महिलालाई विशेष व्यवस्थाबाट आएको भनेर हेर्ने प्रवृत्ति सिर्जना गराएको छ ।

त्यस्तै निजामती सेवा दोस्रो संशोधन ऐन, २०६४ मा महिलाले लोकसेवा आयोगको परीक्षामा पहिलोपटक सहभागी हुन ४० वर्ष ननाघेको र पुरूषले ३५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ । परीक्षाबाट छनोटमा परेपछि पनि महिलालाई ६ महिना परीक्षण कालमा राखिन्छ भने पुरूषको परीक्षणकाल एक वर्षको हुन्छ । महिलाको हकमा गरेका व्यवस्थामा कतिपय महिलाको सहमति छैन । आरक्षणको नाममा राखेको पाँच वर्ष थप व्यावहारिक छैन । किनभने ४० वर्षको उमेरसम्म महिला कि त अर्कै पेसामा लागेका हुन्छन् कि त पारिवारिक दायित्वले बाँधिएका हुन्छन् ।

त्यस्तै, नीति निर्माणको तहमा महिला सहभागिता बढाउन गरेको व्यवस्था त हात्तीको देखाउने दाँतजस्तो मात्र भएको छ । निजामती सेवा ऐनले महिलाको हकमा उपसचिव पदबाट तीन वर्षमै सहसचिवमा बढुवाको उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको छ भने पुरूषको हकमा चार वर्षपछि मात्र बढुवाको योग्य उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको छ । तर, यो व्यावहारिक हुन सकेको छैन किनभने सहसचिवमा बढुवा हुन महिलाले पनि पुरूषले सरह भौगोलिक क्षेत्रको कामको अनुभव, ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनजस्ता प्रक्रिया पूरा गर्नुपर्छ । यस्ता प्रक्रिया पूरा गर्दा महिलाभन्दा पुरूष कर्मचारीले नै छिटो र सहज रूपले बढुवा हुन पाउँछन् । कतिपय महिलाले कार्यसम्पादन मूल्याङ्कन निष्पक्ष नभएकाले नीति निर्माणको तहमा पुग्न कठिन भएको बताएका छन् । 'कार्यसम्पादन मूल्याङ्कन गर्ने हाकिमको मनपर्दो र उसले चाहेजस्तो गर्न सकिएन भने पनि महिलाले कार्यसम्पादन मूल्याङ्कनमा कम अङ्क पाउँछन्, यसले महिलालाई अघि बढ्न रोक्छ,' एक उपसचिव महिलाले भनिन् । यसले निजामतीको नीति निर्माण तहमा महिलाको सङ्ख्या बढाउन गरिएको विशेष व्यवस्था त्यति प्रभावकारी नभएको देखाउँछ । त्यस्तै, यसले महिलाको सहभागिता बढाए पनि यस माध्यमबाट सेवामा प्रवेश गरेका महिलालाई सक्षम नठान्ने संस्कृति प्रशासनभित्र छ ।

निजामती सेवामा महिलाको सहभागिता बढाउन भएका प्रयासमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा सञ्चालित लैङ्गिक समताको मूल प्रवाहीकरण कार्यक्रम, एसियाली विकास बैंक र विश्व बैंकले तयार पारेको अध्ययन र प्रस्ताव, सामान्य प्रशासन मन्त्रालयले घोषणा गरेको 'रोडम्याप', स्थानीय विकास मन्त्रालयले तयार गरेको स्थानीय सेवा ऐन र दशौँ योजनाका तथा चालू त्रिवर्षीय योजनाका प्रावधान पर्छन् ।

लैङ्गिक समताका लागि मूल प्रवाहीकरण कार्यक्रम (एमजीईपी)ले ०५९ देखि ०६३ सम्म लोकसेवा आयोगको परीक्षा दिन चाहने महिलालाई प्रशिक्षण दिएको थियो । अहिले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सबै जिल्लामा महिलाका लागि प्रशिक्षणका कक्षा सञ्चालन गर्दै आएको छ । आरक्षणको व्यवस्थाबाट भन्दा यस्ता तालिमबाट निजामती सेवामा महिलाको आकर्षण बढेको विज्ञहरू बताउँछन् । महिला सशक्तीकरणका लागि सकारात्मक विभेदको अवधारणाका तालिम सञ्चालनबाट उपेक्षित समुदायका महिलालाई प्रतिस्पर्धा गर्न सक्नेमा उनीहरू विश्वस्त छन् । यता केही निजामती कर्मचारी भने लोकसेवाको परीक्षा प्रणालीमा परिवर्तन गरी आधुनिक प्रभावकारी तथा जवाफदेही निजामती सेवाका लागि सीप र क्षमता भएका व्यक्ति आउन सक्ने वातावरण बनाउनुपर्ने धारणा राख्छन् ।

सरकार, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायका कार्यक्रमले लैङ्गिक समता र समानताको क्षेत्रमा केही सुधार भएको छ । सरकारले लैङ्गिक उत्तरदायी बजेटको आरम्भ गरेपछि सबै स्थानमा कम्तीमा एकतिहाइ महिलाको सहभागिता गराउने लक्ष्यअनुरूप काम भइरहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कृष्णहरि बास्कोटा बताउँछन् । उनका अनुसार यस बजेटको आरम्भ र आरक्षणको व्यवस्था भएपछि निजामती सेवामा महिला सहभागिता वृद्धि भएको हो । (संचारिका लेखमाला)

**निजामती सेवा ऐनले महिलाको हकमा उपसचिव पदबाट तीन वर्षमै सहसचिवमा बढुवाको उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको छ भने पुरूषको हकमा चार वर्षपछि मात्र बढुवाको योग्य उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको छ । तर, यो व्यावहारिक हुन सकेको छैन किनभने सहसचिवमा बढुवा हुन महिलाले पनि पुरूषले सरह भौगोलिक क्षेत्रको कामको अनुभव, जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनजस्ता प्रक्रिया पूरा गर्नुपर्छ । यस्ता प्रक्रिया पूरा गर्दा महिलाभन्दा पुरूष कर्मचारीले नै छिटो र सहज रूपले बढुवा हुन पाउँछन् ।**

# चतरा कुम्भमेला र अमृतको प्रसङ्ग

*बद्रीविशाल पोखरेल*

पितृसत्तात्मक सामाजिक संरचना तथा परम्परागत सोचका कारण महिलाले आफ्नो कार्यक्षेत्रमा अनेकौँ चुनौती भोग्नुपर्छ । सेवाभित्रका पुरूष कर्मचारीले महिलालाई दुर्व्यवहार गर्ने गुनासो प्रायः महिला कर्मचारीले गर्छन् । महिला कर्मचारीलाई विभिन्न सुविधा, तालिम, अध्ययन, भ्रमणजस्ता अवसरमा विभेदपूर्ण व्यवहार गरिन्छ, निर्वाचन आयोगकी शाखा अधिकृत जानुका सुवेदीले भनिन्, 'महिला कर्मचारीलाई समान वा हरेक कुरामा प्राथमिकतामा राखेको देखाउन 'लेडिज फर्स्ट' भनिन्छ, तकयँर व्यवहारमा सधैँ पछि नै पारिएको छ ।' प्रशासनविद् भीमदेव भट्टका भनाइले पनि यसको पुष्टि हुन्छ । उनी भन्छन्, 'घरमा र कार्यालयमा उत्तिकै खटिनुपर्ने भएका कारण महिलाको सार्वजनिक ठाउँमा पहुँच कम भएको हो । मेरो विचारमा प्रोत्साहन गर्दै जाने हो भने पनि निजामती सेवामा महिलाको सङ्ख्या ५० प्रतिशत पुऱ्याउन अरु ५० वर्ष लाग्छ ।'

प्रसिद्ध धामिर्क तीर्थस्थल सुनसरीको बराह क्षेत्र तथा चतराको औलिया बाबा एवम् कुम्भमेला क्षेत्र पवित्र धार्मिक थलो मानिन्छ । हिन्दूधर्मँवलम्बीहरूका लागि यो क्षेत्रको महिमा अपरम्परा छ । यहाँ चैत १७ देखि वैशाख १९ गतेसम्म मेला लाग्नेछ । यसपटक दोस्रो पूर्ण कुम्भमेला सुरू भइसकेको छ ।

कुम्भमेला भर्न अथवा धार्मिक पर्यटनमा यसपटक एक करोड भक्तजन आउने आशा गरिएको छ । त्यसैले सरकारले पनि सुरक्षाको राम्रो प्रवन्ध गरेको छ । मेलामा सरकारले आर्थिक सहयोग पनि गरेको छ ।

बद्रीविशाल पोखरेल कुम्भमेलाबारे विशेष अध्ययनकर्ता हुन् । उनले लेखेका छन्- कुम्भमेला सनातन हिन्दु धार्मिक सम्प्रदायको ऐतिहासिक सर्वप्राचीन सांस्कृतिक वृहत्तर महोत्सव हो । यो मेला १२ वर्षमा पूर्ण र छ वर्षमा अर्ध भनेर भारतमा मनाउने पुरातन परम्परा छ तर ढिलै भए पनि कुम्भ मेलासम्बन्धी सर्वप्राचीन प्रामाणिक पक्ष नेपालमा नै रहेको अनुसन्धानबाट छर्लङ्ग भएको छ ।

जगत् गुरू बालसन्त मोहनशरण देवाचार्यज्यूले गरेको खोजअनुसार स्कन्ध पुराणमा देवदानव मिलेर समुद्र मन्थन गरे। समुद्र मन्थन गर्दा १२ वटा कुम्भ प्रकट भएका मध्ये ४ वटा कुम्भचाहिं भारत भूमिमा स्थापित भएका र बाँकी ८ वटा लोकान्तरमा स्थापित भए भनिन्छ । यिनै लोकान्तरमा स्थापित ८ मध्ये पाँचौं कुम्भ नेपालमा स्थापना भएको मानिन्छ । समुद्रमन्थन गर्दा प्राप्त अमृत कलश धन्वन्तरी स्वरूपमा भगवान् विष्णुले कलश लिएर निस्कनु भएको र त्यो कलशको अमृत पान गर्न दैत्यहरू लुछाचुडी गर्न लागे । विष्णुले दैत्यहरूका हातमा अमृत पर्दा सर्वनाश हुने ठानेर मोहिनीका रूप धारण गरेर भगवानले अमृत बाँड्ने क्रममा कलशको घाँटीमा बाक्लो भई जमेको तर निकालेर भुईंमा राखिदिनु भएको देखिन्छ । उक्त पिण्डबाट देवताहरूले शिवलिङ्ग बनाएर रूद्राक्षारण्यको बीच भागमा लगी पिण्डेश्वर महादेव नामकरण गरी धार्मिक स्थलको स्थापना गरे । यसलाई स्कन्ध पुराणमा उल्लेख निम्न श्लोकबाट समेत पुष्टि गर्ने प्रामाणिक पक्ष रहेको बालसन्तले उल्लेख गर्नुभएको छ ।

सुधा पिण्डिकृते यस्मात् पिण्डेश्वर इति स्मृतः अर्थात् अमृतको पिण्डबाट निर्मित सुप्रसिद्ध पिण्डेश्वर नै कुम्भमेला आयोजना गर्ने बलियो आधार देखिन्छ । नेपालको पुण्य र पवित्र तथा प्रख्यात रूद्राक्षारण्य हाल धरान नगरपालिका अन्तर्गत विजयपुरमा पर्दछ र यहाँ प्राचीन कालदेखि पिण्डेश्वर महादेव मन्दिर स्थापित छ । अमृतको थोपा मात्र खसेको शास्त्रीय प्रमाणका आधारमा भारतका नासिक, उज्जैन, प्रयाग र हरिद्वारमा लाग्ने कुम्भ मेलाहरूका तुलनामा अमृत कलश वा घडा माथि नै ढपक्क जमेको बाक्लो तरबाट स्थापित शिवलिङ्ग स्थापना भएको स्थान कुम्भ मेलाको सर्वाधिक प्राचीन तथा ऐतिहासिक महत्वपूर्ण धार्मिक सांस्कृतिक स्थल सिद्ध भएको देखिन्छ ।

अनुसन्धानबाट प्राप्त तथ्यमा आधारित रहेर कौशिकी तटस्थित बराह क्षेत्र चतरा धाममा २०५९ सालमा पूर्णकुम्भ मेलाको आयोजना गरियो । २०६३ सालमा अर्धकुम्भ मेलाको समेत आयोजना गरेको अनुभवका आधारमा २०७० साल चैत्र १७ गते तदनुसार २०१४ मार्च ३१ देखि २०७१ साल बैशाख १९ गते तदनुसार २०१४ मे २ सम्म दोस्रो पूर्ण कुम्भ मेलाको भव्य तयारी गरिएको मूल आयोजक समितिका सदस्य कवि प्रल्हाद पहरेदार बताउँछन् ।

कुम्भ मेलासम्बन्धी अरू अनुसन्धान गर्ने सिद्धबाबा श्री कृष्णदास महाराजले यससम्बन्धी विशेष तथ्य सत्य पक्ष उजागर गरेको मेलासम्बन्धी प्रचार सामग्रीबाट अवगत हुन्छ । राष्ट्रिय गहन चिन्तनका साथ नेपालको सर्वप्राचीन धार्मिक, सांस्कृतिक, योग तथा आयुर्वैदिक चिकित्सा पद्धतिका विषयमा जागरण अभियान प्रारम्भ गरिएको कृष्णदास महाराजले बताउनु भयो । यस क्षेत्रका तमाम सांस्कृतिक, धार्मिक, पर्यटनप्रेमी तथा राष्ट्रवादी जनसमुदाय विश्व सामु कुम्भमेलाका माध्यमबाट अझ चिनिने बताउँछन् ।

दैनिक एकलाखको उपसथितिका लागि उपयुक्त तयारीमा यस क्षेत्रका धार्मिक श्रद्धालु जनहरू लागि परेका छन् । यो अवसरमा ६४ फिटको हनुमानको मूति स्र्थापना गरिने जगद्गुरू श्रीरामानन्दाचार्य सेवापीठले जानकारी सार्वजनिक गरिसकेको छ ।

कुम्भमेला र अमृतको प्रसङ्गले नेपाल साँच्चै पवित्र भूमि भएको पुष्टि हुन्छ । यस्ता धार्मिक धरोहरहरूको प्रसङ्ले नेपालको संस्कृति र हिन्दूधर्मलाई समेत मलजल गरिरहेको छ । यस्ता मेलाहरूमाआउने देशविदेशका धर्मावलम्बीहरूका कारण नेपालको महिमा र गरिमा बढाउन मद्दत पुग्ने निश्चित छ । मूल कुरा यस्ता मेलाहरू व्यवस्थित गर्न सरकारले ध्यान दिनुपर्छ । मेलामा अप्रिय घटना हुन दिनुहुन्न । मेला अवधिभर विशेष निगरानीको प्रवन्ध हुनुपर्छ । यस्ता मेलाहरूकै कारण धार्मिक एकता, धार्मिक सहिष्णुताको अभिवृद्धि पनि हुनेगर्छ । नेपालका लागि यस्ता मेला अति उपयोगी मानिन्छ ।

## उच्चस्तरीय भारतीय टोली नेपालमा

काठमाडौं । भारतीय विदेश मन्त्रालयको आर्थिक सम्बन्ध तथा विकास साझेदारी प्रशासनसम्बन्धी सचिवको नेतृत्वमा उच्चस्तरीय टोली काठमाडौं आइपुगेको छ । सचिव सुजाता सिंह नेतृत्वको टोली तीनदिने भ्रमणमा आएको नेपालस्थित भारतीय दूतावासले जनाएको छ ।

दूतावासले उनीहरु सोमबार काठमाडौं आएर छलफल सम्पन्न गरिसकेपछि मात्रै भ्रमणबारे औपचारिक जानकारी दिएको हो । सचिव सिंहसँगै भारतीय विदेश मन्त्रालयको नेपाल डेस्क हेर्ने सहसचिव अभय ठाकुर, सीमानासम्बन्धी सहसचिव डा. अजय एम गोन्डाने, अतिरिक्त सचिव तथा आर्थिक सल्लाहकार विनयकुमार सहभागी छन् ।

भारत सरकारको सहयोगमा नेपालमा सञ्चालित परियोजना, वीरगन्ज-रक्सोल, जोगबनी-विराटनगर चेकपोस्ट जोड्ने हुलाकी सडक, जोगबनीदेखि विराटनगरसम्म र जयनगरदेखि बर्दिबाससम्मको रेल-वे परियोजना, काठमाडौंको ट्रमा सेन्टरलगायत विषयमा प्रगति बुझ्न उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल आएको भारतीय दूतावासले जनाएको छ ।

## माडीमा माछा ह्याचरी

चितवन । दक्षिण चितवनको माडी उपत्यकामा माछाको पहिलो ह्याचरी फार्म खुलेको छ । जिल्ला कृषि विकास कार्यालय चितवनको सहयोगमा स्थानीय माछा व्यवसायी मनिराम चौधरीले ह्याचरी फार्म निर्माण गरेका हुन् ।

माडी चितवनमै माछाको पकेट क्षेत्र मानिन्छ । भरतपुर सदरमुकामबाट ४० किलोमिटर दक्षिणमा पर्ने माडीमा अन्य क्षेत्रबाट माछाका भुरा ल्याउँदा विभिन्न समस्या आएपछि माडीलाई नै केन्द्रित गरी ह्याचरी निर्माण गरिएको चौधरीले बताए । हालसम्म माडी क्षेत्रमा ७० किलोमिटर टाढा पर्ने चितवनको भण्डाराबाट माछाका भुरा ल्याई पालिँदै आएको छ । माछा ह्याचिङका तयारी भएको उनले बताए ।

चार गाविस रहेको माडी उपत्यकामा डेढ सय हेक्टरभन्दा बढीमा माछापालन गरिँदै आएको स्थानीय दिनेश अधिकारीले जानकारी दिए ।

माडीको गोपालनगर नेपालमै माछापालनका लागि उत्कृष्ट मानिने गरेको छ । माडीमा पहिलो खोलिएको ह्याचरी फार्ममा कृषि कार्यालयले एक लाख सहयोग गरेको कार्यालयकी प्राविधिक सहायक सन्तकुमारी खनालले बताइन् । चौधरीले करिब २० लाखको लागतमा फार्म बनाउने योजना रहेको बताए । वार्षिक एक अर्ब माछाका भुरा उत्पादन गर्ने योजना उनको छ ।

उनले हाल माछा भुरा उत्पादन गर्ने १८ क्विन्टल माउ रहेकोसमेत जानकारी दिए । यसअघि उनले जिल्लाबाट ह्याच गरी ल्याएको माछा भुरा पालेर बिक्री गर्दै आएका थिए ।

चितवनमा पछिल्ला वर्षमा माछा पाल्ने कृषकको संख्या बढेपछि सरकारले आवश्यक अनुदान दिएर माछापालनका लागि क्षेत्र विस्तार कार्यक्रम सुरू गरेको छ । चितवनमा यो वर्ष माछापालनका लागि ४० हेक्टर विस्तार गरिएको कार्यालयले जनाएको छ । यो वर्ष ४० लाख बजेट क्षेत्र विस्तारका लागि जिल्लामा आएको छ ।

पिप्ले, माडीका विभिन्न गाविस, कुमरोज, रत्ननगर, दिव्यनगर, पटिहानीलगायत गाविसमा यो वर्ष क्षेत्र विस्तार गरिएको छ । जिल्लामा अहिले करिब तीन सय हेक्टरमा माछापालन भइरहेको छ । जिल्लामा जिउँदो माछा खुद्रा बिक्रीसमेत सुरू भएको छ ।

## vjhsb

### एनपिएल आयोजना क्यानले नै गर्ने

नेपाल क्रिकेट संघ (क्यान)द्वारा गठित छानविन समितीले घरेलु क्रिकेट विकासका लागि कोसेढुंगा मानिएको नेपाल प्रिमियर लिग (एनपिएल) आयोजना आफैले गर्नुपर्ने निर्णय गरेको छ । क्यान प्रथम उपाध्यक्ष तारिणीविक्रम शाहको नेतृत्वमा गठित समितिले आयोजनाको जिम्मेवारी क्यानले नै लिनु पर्ने निर्णयसहित बुधबार आफ्नो प्रतिवेदन बुझाएको छ । समितिले एनपिएल २७ वैशाखबाट सुरू गर्नका लागि पनि सिफारीस गरेको छ ।

नेपाली राष्ट्रिय टोली एसियाली क्रिकेट परिषद् (एसिसी) प्रिमियर लिगमा सहभागी भएर फर्के लगत्तै एनपिएल सुरू गर्ने निणर्य समितिले गरेको हो । १७ वैशाखबाट मलेसियामा सुरू हुने एसिसी प्रिमियर लिगमा सहभागी भई नेपाली टोली २४ बैशाखमा स्वदेश फर्कने छ । समितिले प्रतियोगिताको व्यवस्थापनमा भने निजि क्षेत्रको कम्पनी जोहरा स्पोट्स म्यानेजमेन्ट पनि रहने गरी निर्णय गरेको छ । समितिले जोहराले प्रतियोगिताको सम्बन्धमा धेरै कुरा अघि बढाई सकेको जनाउदै प्रतियोगिताबाट उसलाई पुर्ण रूपमा हटाउन नसकिएको जनाएको छ ।

समितिले क्यानलाई बुझाएको प्रतिवेदनमा प्रतियोगिता सञ्चालनका लागि एक 'गभर्निङ काउन्सिल' गठन गर्ने निर्णय पनि गरेको छ । सो समितीले प्रतियोगिता आयोजनाको सम्पुर्ण कार्यविधि तय गर्ने छ भने प्रतियोगिता सञ्चालनको सम्पूर्ण जिम्मेवारी बहन गर्ने छ । समितिले गभर्निङ काउन्सिलमा रहने सदस्यहरूका बारेमा भने टुंग्गो लगाएको छैन । यद्यपि जोहराकोतर्फबाट काउन्सिलमा दुई सदस्य रहने सहमति गरेको छ ।

### ट्रायलका लागि विमल बेल्जियमतिर

राष्ट्रिय पुरूष फुटबल टोलीका युवा स्ट्राइकर विमल घर्तिमगर बेल्जियमको एन्ड्रेलेट क्लबमा ट्रायल दिन मंगलबार ब्रसेल्सतर्फ प्रस्थान गरेका छन् । छोटो समयमै राष्ट्रिय टोलीमा स्थान बनाएका विमलले एन्ड्रेलेट क्लबको यु-१७ टोलीबाट प्रतिस्पर्धा गर्ने छन् । दुई महिनाको यात्रामा विमलले यु-१७ टोलीबाट इंग्लिस तथा ब्राजिलियन क्लबविरूद्ध प्रतिस्पर्धा गर्ने अवसर पाउने छन् । साथै अभ्यासको क्रममा उनी अमेरिका पनि जाने अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको छ । विमल दुई साता वन्द प्रशिक्षणमा सहभागि हुने छन् ।

बेल्जियम प्रस्थान गर्नु अघि उनलाई एन्फाका अध्यक्ष गणेश थापा लगायत अन्य पदाधिकारीले विदाई गरेका थिए । दुई महिना युरोपको भ्रमणमा आफ्नो स्तर बढ्ने विमलले बताए । साथै कडा मिहिनेत गरी ट्रायलमा सफल हुने उनको विश्वास छ । 'त्यहाँ म आफ्नो स्तर उस्काँने प्रयास गर्ने छु,' उनले भने, 'यसका लागि कडा मिहिनेत गर्ने छु ।' बेल्जियमको वातावरणसँग परिचित हुन एक साता लाग्ने उनको भनाई छ ।

ट्रायलका क्रममा विमलले युरोपकै नाम चलेको क्लबविरूद्ध प्रतिस्पर्धा गर्न अवसर मिल्ने एन्फाले जनँएको छ । नेदरल्याान्डको एज्याक्स क्लबले आयोजना गर्ने यु-१७ फ्युचर कपमा एन्ड्रेलेटले भाग लिने छ । जसमा एसी मिलान, वेनिफिका, लिभरपुल, सेल्टिकसाथै अन्य युरोपियन क्लबले प्रतिस्पर्धा गर्ने एन्फाले जनायो ।

### इंग्लिस रेफ्री वेवले गल्ती स्वीकारे

सन् २०१४ को विश्वकप फुटबल प्रतियोगिताको फाइनल खेलाएका इंग्लिस रेफ्री होवार्ड वेवले आफ्नो गल्ती स्विकारेका छन् । चार बर्षअघि दक्षिण अफ्रिकामा सम्पन्न फाइनलमा स्पेन र नेदरल्यान्डबीचको प्रतिस्पर्धा भएको थियो । स्पेनले अतिरित्त समयमा नेदरल्यान्डलाई १-० ले हराउँदै पहिलोपटक विश्वकप उपाधि जितेको थियो ।

तर सो फाइनल इतिहासकै विवादास्पद बन्यो । रेफ्री वेवले फाइनल खेल नियन्त्रण लिन नसक्दा १४ पहेलो कार्ड देखाए । विश्वकप फाइनलमा वेवले अहिलेसम्मकै कीर्तिमानी रूपमा कार्ड देखाए । चार बर्षपछि आत्मलोचना गर्दै वेवले गल्ती स्विकारेका हुन् । उनले पनि फँइनल खेलमा एक वा दुई गल्ती आफूबाट भएको बताए ।



'अहिले भिडियो फुटेज हेर्दा मैले कम्तीमा दुई गल्ती गरेको थिएँ, जसलाई माफी दिन मिल्दैन,' उनले भने, 'त्यसबेला प्राप्त सुचनाका आधारमा तत्कालै निर्णय गर्नुपर्ने थियो ।' प्रतिस्पर्धामा उनले नेदरल्यान्डका जोहन हेटिङलाई रातो कार्ड देखाउँदै फाइनल खेल थप विवादमा पुऱ्याए ।

सावी अलोन्सामाथि नेदरल्यान्डका निगेल डि जोङले कराते शैलीमा छातीमै प्रहार गर्दा समेत उनले रातो कार्ड देखाउन हिम्मत देखाएनन् । वेवले केवल निगेललाई पहेलो कार्डमात्र देखाए । डेढ महिनापछि ब्राजिलमा सुरू हुने विश्वकप फुटबलमा उनले अफिसियलतर्फ प्रमुख भुमिका पाएका छन् । विश्वकपअघि आफूले पुरा गल्ती नगर्ने उनले बताए ।

'अघिल्लो पटकको जस्तो अव डरलाग्दो गल्ती हुदैन,' समिक्षा गर्दै वेवले भने । दुई शक्तिशाली राष्ट्रबीच विश्वकप फँइनल खेलाउन कठिन भएको उनी मान्छन् । 'तपाई आफै मेरो स्थानमा आएर हेर्नुस, स्पेन र नेदरल्यान्डबीचको फँइनल खेल कति गाह्रो थियो,' उनले भने, 'दबावमा अन्जानबस गल्ती भइहाल्छ ।'

## /Eg va/

### बक्स अफिस फिल्म अवार्डको मनोनयन सार्वजनिक

बक्स अफिस फिल्म अवार्ड-०७० का उत्कृष्ट पाँच मनोनयन सार्वजनिक गरिएको छ । मनोनयनमा रेखा थापाको फिल्म 'काली'को वर्चस्व देखिएको छ । 'काली'



निर्माता, फिल्म, निर्देशक, अभिनेता, अभिनेत्रीलगायत सर्वाधिक १९ विधामा मनोनयनमा परेको छ । '६ एकान ६' 'काली'लाई पछ्याउँदै १७ विधाका अवार्डका लागि प्रतिस्पर्धामा छ । त्यसै गरी 'रिदम' १६ विधामा मनोनीत छ ।

सर्वोत्कृष्ट अभिनेताका लागि 'महसुस' फिल्मबाट आर्यन सिग्देल, 'प्रेमिका'बाट सुमन सिंह, 'धन्दा'बाट अर्पण थापा, 'रिदम'बाट जीवन लुईंटेल र 'काली'बाट किशोर खतिवडा प्रतिस्पर्धामा छन् । त्यसैगरी, उत्कृष्ट नायिकाका लागि 'काली'बाट रेखा थापा, 'प्रेमिका'बाट झरना थापा, '६ एकान ६'बाट नीता ढुंगाना, 'झोले'बाट प्रियंका कार्की र 'महसुस'बाट केकी अधिकारी मनोनयनमा छन् । उत्कृष्ट फिल्मका लागि भने 'होस्टेल', 'काली', 'रिदम', '६ एकान ६' र 'मायाज बार' प्रतिस्पर्धामा छन् । उत्कृष्ट निर्देशकको अवार्ड जित्नका लागि भने 'रिदम'बाट विकास आचार्य, 'लंका'बाट श्याम भट्टराई, 'झोले'बाट दीपेन्द्र के खनाल, 'काली'बाट सबिर श्रेष्ठ र '६ एकान ६'बाट दिनेश डिसी प्रतिस्पर्धामा छन् । नवनिर्देशकको मनोनयनमा भने 'आई एम सरी'बाट दिनेश राउत, 'होस्टेल'बाट हेमराज बिसी, 'सांघुरो'बाट जोयस पाण्डे, 'मोक्ष'बाट प्रवीण श्रेष्ठ र 'फेली'बाट कमल दाहाल छन् ।

उत्कृष्ट नवनायकका लागि 'मोक्ष'बाट कोसिस क्षेत्री, 'ब्याक नाइट'बाट सुरज चिलुवाल, 'रिदम'बाट सोहित मानन्धर, 'नोटबुक'बाट सेन सापकोटा र 'होस्टेल'बाट अनमोल केसी मनोनयनमा छन् । नवनायिकाका लागि भने 'मेरो मनको साथी'बाट जस्मिन श्रेष्ठ, 'फेली'बाट सुरवीना कार्की, 'रिदम'बाट निश्मा घिमिरे, 'होस्टेल'बाट प्रकृति श्रेष्ठ र 'युज'बाट सीमा केसी प्रतिस्पर्धामा छन् । त्यसैगरी, उत्कृष्ट खलनायकमा '६ एकान ६'बाट राजवल्लभ कोइराला, 'लभ फरेभर'बाट शंकर आचार्य, 'मुटु'बाट मुकेश आचार्य, 'रावण'बाट कमल कृष्ण र 'काली'बाट ध्रुव कोइराला मनोनीत छन् ।

उत्कृष्ट निर्माता, पोस्टर डिजाइनर, निर्माण नियन्त्रक, वितरक, भिसिडी उत्पादक, हल व्यवसायीलगायत विधामा समेत प्रतिस्पर्धा गराइएको अवार्डमा एक जना फिल्म सर्जकलाई लाइफ टाइम एचिभमेन्ट अवार्ड प्रदान गरिनेछ । त्यसै गरी विशेष चलचित्र सम्मान तथा पुरस्कारअन्तर्गत एकजना रंगपत्रकार, हल व्यवसायी र हाइभिजन हललाई समेत अवार्ड प्रदान गरिने भएको छ । कार्यक्रममा खराब चलचित्रको अवार्ड पनि प्रदान गरिने भएको छ । आयोजकका अनुसार आफ्नो कमजोरी स्विकारेर सुध्रन सो अवार्ड प्रदान गर्न लागिएको हो ।

बक्स अफिस फिल्म क्लबका प्रमुख आरके सुवेदीको आयोजनामा हुँदै आएको अवार्ड चैत २९ गते राजधानीको हयात रिजेन्सीमा प्रधानमन्त्री सुशील कोइरालाको प्रमुख आतिथ्यमा वितरण गरिनेछ । प्रतियोगिताको मनोनयन सोमबार राजधानीमा एक कार्यक्रम आयोजना गरी सार्वजनिक गरिएको हो । फिल्मकर्मीको उल्लेख्य उपस्थिति रहेको कार्यक्रममा चलचित्र पत्रकार संघको नवनिर्वाचित कार्यसमितिलाई स्वागत गर्नुका साथै अवार्डका लागि मनोनीत कलाकर्मीलाई प्रमाण-पत्रसमेत वितरण गरिएको थियो ।

### लोकगायिका मञ्जुको निधन

सवारी दुर्घटनामा ज्यान गुमाएकी लोक तथा दोहोरी गायिका मञ्जु महतको पशुपति आर्यघाटमा अन्त्येष्टि



गरिएको छ । अन्त्येष्टिअघि उनको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा राखिएको थियो । उनलाई श्रद्धाञ्जली दिन सभामुख सुवासचन्द्र नेम्वाङ, ऊर्जामन्त्री राधा ज्ञवाली, सभासद् रविन्द्र अधिकारी, गायिका कोमल वलीका साथै कलाकार तथा शुभचिन्तक कमलादी पुगेका थिए ।

गीत रेकर्डिङको सिलसिलामा गत बिहीबार जमलस्थित मालाश्री रेकर्डिङ स्टुडियोतर्फ आउँदै गर्दा दिउँसो २ बजे ठमेल गल्कोपाखामा उनी सवार स्कुटर दुईवटा माइक्रोबसको चेपुवामा परेको थियो । माइक्रोको चेपुवामा परी गम्भीर घाइते भएकी महतलाई स्थानीयले नजिकैको मनमोहन अस्पताल पुर्‍याएका थिए । तर, मनमोहनमा उपचार हुन नसकेपछि उनलाई तत्काल महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा पुर्‍याइएको थियो । त्यहाँबाट पनि उनलाई थप उपचारका लागि ग्रान्डी पठाइएको थियो ।

अस्पताल स्रोतका अनुसार महतको खुट्टा, टाउको र पेटमा गम्भीर चोट लागेको थियो । माइक्रोको चक्काले नराम्रोसित चेपिएको उनको देब्रे खुट्टा ग्रान्डीका चिकित्सकहरूले बिहीबार राति नै आकस्मिक शल्यक्रिया गरी फालिदिएका थिए । उनको देब्रे खुट्टाको घुडामुनिको भाग काटेर फालिएको हो । त्यसबाहेक उनको टाउकोमा रगत जमेको, मिर्गौला र कलेजोमा समेत गम्भीर चोट लागेको अस्पतालले बताएको थियो । उनी दुर्घटनमा परेदेखि होसमा आउन सकिनन् ।

दुई सन्तानकी आमा मञ्जुका पति, एक छोरी र एक डेढवर्षे छोरा छन् । कास्की भरतपोखरी गाविसकी मञ्जु पोखरामा किङफिसर दोहोरी गीत प्रतियोगितामा प्रथम भएपछि काठमाडौं छिरेकी हुन् । पछिल्लो समयमा उनको पशुपति शर्मासँग गाएको युगलगीत सोह्र दुना आठ खुबै हिट भएको छ । विदेशका कार्यक्रममा पनि उनी निकै व्यस्त थिइन् ।

### चलचित्र पत्रकारलाई कलाकार संघको सम्मान

चलचित्र पत्रकार संघको नवनिर्वाचित कार्यसमितिलाई नेपाल चलचित्र कलाकार संघले स्वागत गरेको छ । ६ चैतमा राजधानीमा सम्पन्न चलचित्र पत्रकार संघको अधिवेशनबाट शान्तिप्रियको अध्यक्षतामा चुनिएको ११ सदस्यीय कार्यसमितिलाई कलाकार संघले आइतबार



आफ्नै कार्यालय, थापागाउँमा कार्यक्रम आयोजना गरी स्वागत गरेको छ ।

स्वागत कार्यक्रममा कलाकार संघका अध्यक्ष नवल खड्काले पत्रकार र कलाकारबीच सधैं सुमधुर सम्बन्ध भइरहनुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रियले कलाकार संघले आफूहरूलाई गरेको स्वागत र सम्मानप्रति आभार व्यक्त गर्दै भने, 'हामी सधैं नेपाली कलाकारको पक्षमा छौं । सम्बन्धमा कहिलेकाहीं आउने समस्यालाई निराकरण गरी अघि बढ्नुपर्छ ।' उनले चलचित्र पत्रकारले नेपाली कलाकारलाई अत्यन्तै माया गर्ने गरेको तथ्य पनि स्मरण गराए ।

### प्रतिभा देखाए मिस मंगोलका प्रतिस्पर्धीले

मिस मंगोल नेपाल-२०१४ मा प्रतिस्पर्धी २६ युवतीले आफूमा निहित प्रतिभा प्रस्तुत गरेका छन् । एक्सन इन्टरटेनमेन्टको आयोजनामा हुँदै आइरहेको प्रतियोगिताको ट्यालेन्ट राउन्डअन्तर्गत शनिबार मिस ट्यालेन्ट उपाधिका लागि उनीहरूले आफूमा भएको गायन, नृत्य, अभिनय, क्यारिकेचर, वाचनलगायतका ट्यालेन्ट देखाएका हुन् ।

अन्तिम प्रतिस्पर्धामा शीर्षका साथै फस्ट रनरअप, सेकेन्ड रनरअप मिस ट्यालेन्ट, मिस फोटो जेनिक, मिस पर्सनालिटीलगायतका विविध उपाधि प्रदान गरिने प्रतियोगिताको ट्यालेन्ट राउन्डको निर्णायकमा गायक जितेन राई, मिस मंगोल नेपाल २०१२ सपना रोकामगर, गीतकार दिनेशराज राईलगायत थिए । प्रतियोगिताको फाइनल २२ चैतमा प्रज्ञा भवनमा हुनेछ । यसपटकको मिस मंगोल प्रतियोगिता विगतभन्दा अझै भव्य र सानदार रूपमा सम्पन्न गर्ने तयारी गरिएको आयोजक संस्थाका अशोक राईले बताएका छन् ।

## skt/6

### ग्लोबल आइएमईको शाखारहित सेवा

ग्लोबल आइएमई बैंकले नवलपरासीको जहजा गाविसमा शाखारहित बैंकिङ सेवा सञ्चालन गरेको छ । जहजासहित बैंकका शाखारहित सञ्जाल २२ पुगेका छन् ।

शाखारहित सेवाको नवलपरासीका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेले उद्घाटन गरेका थिए । शाखारहित बैंकिङ सेवा सञ्चालनका लागि स्थानीय व्यवसायी गजेन्द्रबहादुर गिरीलाई प्रतिनिधि नियुक्त गरिएको बैंकले जनाएको छ । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले व्यावसायिक प्रतिनिधिलाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।

त्यस्तै बैंकले चितवनको शुक्रनगरमा पनि शाखारहित सेवा विस्तार गरेको छ । शुक्रनगरसहित बैंकका शाखारहित सेवा सञ्जाल २३ पुगेका छन् । शाखारहित सेवा उद्घाटन चितवन उद्योग वाणिज्य संघ अध्यक्ष कल्याण जोशीले गरेका थिए । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले व्यावसायिक प्रतिनिधिलाई प्रमाणपत्र वितरण गरको बैंकले जनाएको छ । शाखारहित सेवा सञ्चालनका लागि बैंकले स्थानीय व्यवसायी नरहरि घिमिरेलाई प्रतिनिधि नियुक्त गरेको छ ।

### अल्पाइन बैंक सम्मानित

हेटौंडामा मुख्य कार्यालय रहेको अल्पाइन डेभलपमेन्ट बैंकलाई आन्तरिक राजस्व कार्यालय हेटौंडाले ठूला करदाताबाट सम्मानित गरेको छ । आव ०६८/६९ मा आन्तरिक राजस्व कार्यालय हेटौंडाअन्तर्गत सेवा क्षेत्रबाट उच्चतम् कर दाखिला गरेकोमा बैंकलाई सम्मान गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत सुदर्शनप्रसाद अधिकारीलाई आन्तरिक राजस्व विभागका महानिर्देशक टंकमणि शर्माले सम्मानपत्र हस्तान्तरण गरेका थिए ।

### एनआइसीको होम बैंकिङ सेवा

एनआइसी एसिया बैंकले नेपालमै पहिलोपटक 'होम बैंकिङ' नामक सेवा सुरु गरेको छ । सेवामा ग्राहकले अब घरबाटै बैंक खाता खोल्न सक्नेछन् । यसका लागि ग्राहकले 'एसिसी' टाइप गरी ४४८८ मा एउटा एसएमएस पठाउनुपर्नेछ । त्यसपछि बैंक कर्मचारी घरमा आई खाता खोलिदिनेछन् । खाता सुचारू हुनेबित्तिकै ग्राहकले त्यसबारे सूचना एसएमएस तथा ई-मेलद्वारा पाउनेछन् । घरैबाट खाता खोल्ने तथा अन्य बैंकिङ सेवाको सहजै उपभोग गर्न चाहने ग्राहकको सुविधाका लागि नवीन सेवा लिएर आएको बैंकले जनाएको छ । सुरुमा काठमाडौं उपत्यकामा मात्र उपलब्ध सेवा अन्य सहरमा समेत विस्तार गर्दै लगिने विज्ञप्तिमा उल्लेख छ ।

### सिभिल बैंकको नयाँ क्यालेन्डर

सिभिल बैंकले नयाँ वर्ष ०७१ का लागि नेपालमा विभिन्न मुद्रा निष्कासन गर्ने राजा-रजौटाका समकालीन समयका दरबार तथा मठ-मन्दिरको इतिहास समावेश गरी क्यालेन्डर प्रकाशन गरेको छ ।

बैंकले ०७० मा नेपालको मौद्रिक इतिहास तथा महत्वपूर्ण सत्यतथ्यसहितका विभिन्न कालखण्डमा निकालिएका मुद्रा समावेश गरी क्यालेन्डर प्रकाशन गरेको थियो ।

### आइएमई-बिभोर रेमिट सम्झौता

रेमिट कम्पनी आइएमई र बिभोर विकास बैंकबीच विप्रेषण कारोबार सम्झौता भएको छ । सम्झौतामा आइएमईका प्रबन्धक रुद्रराज पौडेल र बिभोर बैंकका बजार व्यवस्थापन प्रमुख समिना श्रेष्ठले हस्ताक्षर गरेका थिए । सम्झौतापछि बिभोर बैंकका ६ वटा शाखामार्फत विदेशमा रहेकाले पठाएको रकम आइएमईमार्फत ग्राहकले पाउन सक्नेछन् ।

### जलेश्वरमा एलआइसीको शाखा

लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल)ले महोत्तरीको जलेश्वरमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । शाखा कार्यालय उद्घाटन बिमा समिति अध्यक्ष प्राडा फत्तबहादुर केसीले गरेका थिए ।

कार्यक्रममा अध्यक्ष केसीले तराई तथा सीमावर्ती जिल्लावासी नेपालीलाई नेपालकै बिमा कम्पनीमा जीवन बिमा गराउन सचेत बनाउनुपर्ने बताए ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री पिआर मिश्रले जलेश्वर क्षेत्रका सर्वसाधारणलाई एलआइसीको जीवन बिमामा आबद्ध भई परिवारको आर्थिक भविष्य उँचो बनाउने प्रयासमा लाग्न आग्रह गरेका थिए ।

### सनराइजको व्यावसायिक सञ्चालकमा कर्माचार्य

सनराइज बैंक सञ्चालक समितिको बैठकले महेन्द्रनाथ कर्माचार्यलाई स्वतन्त्र व्यावसायिक सञ्चालक पदमा नियुक्त गरेको छ । कर्माचार्यको पदावधि ४ वर्ष हुनेछ । बैंक सञ्चालक समिति अध्यक्ष मोतीलाल दुगडले कर्माचार्यको कार्यकालमा बैंक थप बलियो हुने विश्वास व्यक्त गरेका छन् । हाल बैंकको निक्षेप २६ अर्ब ४८ करोड, कर्जा लगानी २१ अर्ब ४३ करोड, चुक्ता पुँजी २ अर्ब १ करोड ५० लाख छ । बैंकका मुलुकभर शाखा सञ्जाल ५१ र एटिएम संख्या ६१ छन् ।

### एलजी लाइफटाइम स्माइल्स अफर

नेपालमा एलजी इलेक्ट्रोनिक घरायसी सामग्रीको आधिकारिक वितरक सिजी ग्रुपले ग्राहकलाई लक्षित गरी एलजी लाइफटाइम अफ स्माइल्स अफर सुरु गरेको छ । अफरअन्तर्गत ग्राहकले खरिद गर्ने एलजी सामग्रीमा निश्चित उपहार पाउन सक्नेछन् । योजनाअनुसार ४७ इन्च र त्यसमाथिका थ्रिडी टिभी खरिदमा एलजी साउन्डबार, ४२ इन्चको थ्रिडी टिभी खरिदमा एलजी होम थिएटर, ३२-४२ इन्चको स्मार्ट टिभी खरिदमा टचप्याडसहितको वायरलेस किबोर्ड ग्राहकले पाउनेछन् ।

## प्रान्त आए झैं...

बाहिर-बाहिर हुलाकी मार्ग, सीमामा बनाउने चेकपोष्ट, सीमा सुरक्षाका बारेमा छलफल गर्न विदेश सचिव सुजाताका साथमा अतिरिक्त सचिव डा. अजय एम गौडा, अभयकुमार, उपसचिव विनयकुमार जस्ता विज्ञहरू पनि आएका छन् । यी विज्ञहरू पशुपतिको दर्शन गर्न आएका होइनन्, पशुपतिकै भारतीयकरण गर्न आएका हुन् भन्छन्, पर्यवेक्षकहरू ।

चुनाव जितेर बनेको सरकारले अपारदर्शी रूपमा किन भारतीय कर्मचारीतन्त्रसँग औपचारिक वार्ता र सहमति गर्न तयार भयो ? कतै यो कोसी, गण्डकीपछिको अर्को राष्ट्रघाती काम त भइरहेको छैन ? आशंका व्याप्त भएको छ । सरकार मौन छ, संसद् यस विषयमा जानकारी मागिरहेको छैन ।

## संविधान लेख्ने...

अहिलेदेखि नै पूर्वराजालाई स्वागत गर्न स्वतःस्फूर्त रूपमा द्वारहरू बन्न थालेका छन् । ध्वजापतकाहरू तयार गरिएका छन् । पूर्वराजा पर्सा पुग्नासाथ 'हाम्रो राजा हाम्रो देश, प्राणभन्दा प्यारो छ, राजा आऊ देश बचाऊ' भन्ने नारा घन्किने निश्चित छ ।

लोकतन्त्रमा 'राजावाद' पनि शक्ति बनेको छ । राप्रपा नेपालले २४ सदस्यसहित संविधानसभामा उभिएर संवैधानिक राजतन्त्र र हिन्दू धर्मको माग गरिसकेको छ । संसदबाट राप्रपा नेपाल र सडकबाट आम नागरिकले 'राजतन्त्र र हिन्दू राष्ट्र'को सवाल उठाएपछि संविधान लेख्न प्रक्रियामा प्रभाव पर्ने निश्चित छ । लोकतन्त्र मान्ने हो भने लोकआवाज संविधानमा संवोधन हुनै पर्छ । हेर्नुछ, संविधानसभाले जनआवाजको कदर कसरी गर्नेछ ।

## राम शाहको...

बारले जनाएको छ । जिल्ला अदालतमा कानुन व्यवसायीहरूबाट न्यायाधीश नियुक्त हुने संवैधानिक व्यवस्था हालसम्म कृयाशिल हुन नसकेकोप्रति बार एशोसिएसले व्यवस्थापिका संसद र न्यायपरिषद्को ध्यानाकर्षण गराउने निर्णय समेत गरेको छ ।

नेपाल बार एशोसिएसन संविधान निर्माणको एक महत्वपूर्ण सरोकारबाला संस्था भएको हुनाले नेपाल बार संविधानको भावी अन्तरवस्तुका बारेमा देशभरका कानुन व्यवसायीहरूलाई आमन्त्रण गरेर गणतन्त्र दिवसको अवसर पारेर आगामी वैशाख १५, १६ र १७ गते काठमाडौंमा विशेष संवैधानिक सम्मेलन गर्ने निर्णय गरेको नेपाल बार एशोसिएसनका अध्यक्ष हरिकृष्ण कार्कीले बताएका छन् । जेठमा हुने सम्मेलन मार्फत् प्राप्त सुझावलाई संविधानसभा र राजनीतिक दल समक्ष प्रस्तुत गरी राजनीतिक दलहरूमा देखिएको मतभिन्नतालाई न्यूनिकरण गर्न सहजकर्ताको भूमिका खेल्ने निर्णय भएको बारका महासचिव सुनील पोखेलले बताएका छन् । राजनीतक दलहरूलाई संविधान निर्माणका लागि रचनात्मक भूमिका खेलेर सहयोग पुऱ्याउने पनि पोखेलले बताएका छन् । राजा राम शाहले न्याय दिने चौतारोमा नेपाल बार एशोसिएसनले बैठक गरेर इतिहासलाई जिउँदो राख्न खोजेको छ । उसले राजा राम शाहकै न्याय पद्दतिलाइ अँगाल्दै त्यस्तै न्याय दिलाए मात्र चौतारीमा बैठक बसेको सार्थकता हुनेछ । नत्र बैठकको कुनै औचित्य रहन सक्दैन ।

## भट्टराईले...

गरेको खण्डमा जनतामा त्यसको प्रत्यक्ष असर पर्नसक्छ, व्यवसाय नै भएपछि नेता र जनताको सामिप्य पनि बढ्न सक्छ । त्यसैले नेता भट्टराईको बाख्रा पाल्ने उद्देश्यलाई अन्य नेताहरूले समेत शिक्षाका रूपमा ग्रहण गरून् ।

## कुन सचिवले...

अहिले बेवारिसे अवस्थामा रहेका छन् । कोइराला सरकार गठन भएको झण्डै दुई महिना पुग्दा लाग्दा समेत सरकारले प्रभाकारी रूपमा काम गर्न सकेको छैन । सचिवहरूको सरूवा हुने हल्लाले गर्दा पनि सरकारको प्रशासन यन्त्रले गति लिन सकेको छैन ।

आउँदो साउन महिनाभित्रमा २० सचिवले अवकास पाउने भएकाले पनि कर्मचारीतन्त्र शिथिल हुँदै गएको छ । हालै सचिवमा बढुवा भएका प्रभाकर पाठक र नारायण रग्मीले यसै महिना उमेर हदका कारण अवकाश पाउँदैछन् । त्यसैगरी २०७१ वैशाख २ गते गृहसचिव जनार्दन नेपालले पनि अवकास पाउँदैछन् भने वैशाख १५ गते गरिबी निवारण तथा सहकारी म न्त्रालयका सचिव लालमणि जोशी र हालै सचिव बढुवा भएका हरिकुमार श्रेष्ठले उमेरहदका कारण अवकाश पाउँदैछन् । आगामी असारमा राष्ट्रिय सूचना आयोगका सचिव श्रीराम पन्तले अवकास पाउने छन् भने साउन १३ मा ६ सचिवले अवकाश पाउने छन् । तिनीहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि बास्कोटा, महिला तथा समाज कल्याण मन्त्रालयका दिनेशहरि अधिकारी, युवा तथा खेलकूद मन्त्रालयका हरिप्रसाद नेपाल, वन तथा भूसंरक्षण मन्त्रालयका गणेशराज जोशी र सहरी विकास मन्त्रालयका किशोर थापा रहेका छन् । त्यसैगरी सिंचाई सचिव प्रतावकुमार पाठक, स्वास्थ्य सचिव डा.प्रवीण मिश्र, राष्ट्रिय योजना आयोगका सचिव युवराज भुसाल, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका केशवप्रसाद भट्टराई, लोकसेवा आयोगका नाथुप्रसाद चौधरी, उद्योग मन्त्रालयका कृष्ण ज्ञावाली र सामान्य प्रशासन मन्त्रालयका दुर्गानिधि शर्मा पनि साउनमा अवकासमा जाने छन् ।

ठूलो संख्यामा सचिवहरू अवकाशमा जाने भएपनि एक किसिमले कर्मचारी तन्त्र अस्तव्यस्त जस्तो भएको छ । प्रधानमन्त्री कोइरालाले प्रशासनयन्त्रलाई चुस्त र प्रावकारी बनाउन विज्ञताका आधारमा सचिवहरूले जिम्मेवारी पाउने प्रतिवद्धतासहित विशिष्ठ श्रेणीका कर्मचारीहरूसँग बैठक गरेका भएपनि दुई महिना बित्न लाग्दा समेत रिक्त मन्त्रालयले सचिव पाउन सकेका छैनन् भने हालै बढुवा भएका सचिवहरू कामविहीन भएर दैनिक हाजिर गरी घर फर्कने गरेका हुनाले कोइराला सरकारको चुस्त र दुरूस्त प्रशासन भनेको यही हो कि भन्ने चर्चा समेत सिंहदरकार भित्रै चल्न थालेको छ । कांग्रेस, एमालेको संयुक्त सरकारका मन्त्रीहरूले आ-आफ्ना खुशीले सचिव सरूवा गराउन खाजेका र आफ्नो खुशी सचिव आफ्नो मन्त्रालय लैजान पाएको खण्डमा आफ्नो व्यक्तिगत स्वार्थ पूरा हुने आँकलन गरेर सचिवहरूलाई तानातान गर्न खोजिएको छ, त्यसका पछिल्लो उदाहरण हो, उर्जामन्त्री राधा ज्ञवालीले कानुन सेवाका सचिव राजेन्द्र किशोर क्षेत्रीलाई आफ्नो मन्त्रालयका सचिव बनाउने प्रयास गर्नु । कानुन सेवाका सचिवलाई उर्जा जस्तो प्राविधिक मन्त्रालयको सचिव बनाउन खोज्नुको रहस्य आर्थिक चलखेल बाहेक अन्य केही हुन नसक्ने उर्जा स्रोतले बताएको छ ।

## उद्योग वाणिज्य...

पाण्डेलाई पूर्व अध्यक्षहरू चण्डीराज ढकाल, रामभक्त ओझा, कुशकुमार जोशी, प्रदीपकुमार श्रेष्ठ, विनोद चौधरी, महेशलाल र विनोदकुमार श्रेष्ठको समर्थन छ भने भाष्करकै गुटकी भवानी राणासमेत पाण्डे प्यानलमा पुगेकी छिन् । भाष्करराजको सबैभन्दा ठूलो शक्ति र समर्थन भनेको शेखर गोल्छा, पद्यम ज्योति र सुरज वैद्य छन्, जसलाई उद्योगी व्यवसायीहरू 'स्वार्थी' मान्छन् । र, पाण्डेको समर्थन र भाष्करको विरोधमा ५६ जिल्ला उद्योग बाणिज्य संघहरू खुलेर अगाडि आएका छन् । यस कारण भाष्करको भात र पैसाले नेपाल उद्योग वाणिज्य महासंघको चुनावमा कुनै प्रभाव नपर्ने पक्कापक्की भएको छ । यस कारण भाष्करराज कर्णिकार हावादारी सावित हुने दिन नजिकिरहेको मानिँदैछ ।

## माओवादीलाई...

छन् । यो देखेर काँग्रेसीहरूमा खुसीयाली छाएको छ । एकवर्षमा संविधान लेख्न प्रचण्डको समर्थन चाहिने र समर्थनका लागि निर्वाचित सरकारमाथि भूमिगत गिरोह जसले संयन्त्र राख्न समेत तयार भएको काँग्रेसका लागि माधव नेपालले सकारात्मक भूमिका खेलिरहेका छन् । यसको मूल कारण जान्न खोज्ने विश्लेषकहरू माधवकै भाषामा 'म पार्टीको महासचिव भएको हुँ, अध्यक्ष होइन' भन्नुभित्रको रहस्य रहेको बताउँछन् । पार्टीको दुई महिनापछि हुने महाधिवेशनमा सरकारको समर्थन लिने, वामदेवको प्रभाव निस्तेज पार्न र झलनाथ आफैं अध्यक्ष नउठे आफैं अध्यक्ष उठ्न माधवले भूमिका तयार गर्न यसो गरेका हुन् ।

## वैद्य र...

नभएको बताउँदै दुवै माओवादी मिल्न नदिन षड्यन्त्र भइरहेको उद्घोष गर्दै यही मौकामा स्थानीय निकायको निर्वाचनका कुरा गरिँदै छ यो माओवादीलाई पाखा लगाउने षड्यन्त्र हो भन्दै कांग्रेस नेतृत्वको अन्तरिम सरकारले एमाओवादीलाई छलेर माथिल्लो कर्णाली सम्झौता गरेको टिप्पणी गर्दै माथिल्लो कर्णाली अहिलेकै अवस्थामा कुनै हालतमा पनि निर्माण हुन नदिने उद्घोष समेत गरेका हुनाले माथिल्लो कर्णालीले पनि अरूण तेस्रोको जस्तै नियती भोग्नु पर्ने अवस्था देखिएको छ ।

एता एमाओवादी नेता एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले समेत नेकपा-माओवादी अध्यक्षको जस्तै बोली बालेर द्वन्द्वकालीन घटना उठाउने हो भने आफूलाई र पुष्पकमल दाहाललाई मुद्दा चलाउन चुनौती दिएका छन् । गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएका भनिएका व्यक्तिहरू छविलाल पौडेल र भीमसेन पौडेलको रिहाईको दबाब दिन चितवनमा आयोजित कार्यक्रममा नेता भट्टराईले उक्त अभिव्यक्ति दिएका हुन् । द्वन्द्वकालमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल र आफू तत्कालिन क्रान्तीकारी सरकार प्रमुख भएको हुनाले आफूहरू माथि मुद्दा चलाएर देखाउन सुशील कोइराला सरकारलाई चुनौती दिएका छन् ।

# जहाज खोज्दै नेपाल आयो मलेसिया



काठमाडौं । मार्च ८ देखि हराएको मलेसियाबाट चीनका लागि उडेको जहाज अझै रहस्यकै गर्भमा छ । जहाज गयो कहाँ ? आधुनिक विज्ञान खोज्न असफल भएको छ ।

कतै एमएच ३७० मलेसियाबाट उडेको जहाज नेपालमा त आएको छैन ? नेपालले नेपालमा आएको कुनै खबर, रेकर्ड छैन भन्ने सूचना पाइसक्यो तर विश्वास नगरेको मलेसियाको गृहमन्त्री अहमदी जाहिद हार्मदी- चैत्र १८ मा नेपाल आएका छन् ।

सतहमा-नेपाली श्रमिकहरूको बारेमा चर्चा गरिएको र मलेसियामा रोजगारीमा गएका र जानेहरूको सुरक्षा बारेमा वार्ता गरेको बताइको छ । तर भित्री रूपमा जनयुद्ध र माओवादी आतंकबाट प्रभावित नेपालमा अपहरण गरेर कतै अवतरण गराइएको त छैन भनेर गम्भीर सुरक्षा बहस भएको स्रोतहरूले बताएका छन् ।

जहाज हराएपछि सरकार नै ढल्ने प्रकारको जनअविश्वास र जनविद्रोहको स्थितिमा पुगेको मलेसिया सरकार यसरी पनि आफ्नो जहाजको स्थिति स्पष्ट पारेर सरकार र देशको सुरक्षामा गम्भीर छ, कुनै पनि प्रकारको खेलाँची गरिएको छैन भन्ने प्रष्ट पार्न चाहन्छ र त्यसैका लागि मलेसायका गृहमन्त्री नेपाल आएका हुन् ।

# ब्रिफकेस थन्क्याएर नियुक्ति सारियो

काठमाडौं । २६ सभासद्, राजदूत र संवैधानिक निकायमा यसै साता गर्ने भनिएको नियुक्ति प्रक्रिया पर सारिएको छ । नियुक्ति हुन चाहनेहरूले दिएको ब्रिफकेस सत्ताको कोरिडोरमा रहेका प्रभावशाली दलहरूले निर्णायकका कोठा चोटामा पुऱ्याएपछि नियक्ति पर सार्दा ब्रिफकेश बुझाउनेहरू के हुने के ? भन्दै रात रहे अग्राख पलाउँछ भनिन्छ भन्दै छटपटिन थालेका छन् ।

प्रत्येक क्षेत्रमा राजनीतिक भागवण्डाको नीति लागू गरिएको छ । भागवण्डा पाउनेहरू मौकामा रिन अशुल नगर्ने भनेर 'कमाउ' अभियान चलाएका छन् । नेताहरू आफैं अघि नसरे पनि तिनका छेउछाउका छाउराहरू सभासद्, राजदूत, संवैधानिक निकाय र संस्थानहरूमा नियुक्त हुन १० लाखदेखि २ करोडसम्मको मोलमोलाई गरिरहेका छन् । अन्तरिम संविधानले योग्यता तोकेको भए पनि त्यसलाई समेत धोती लगाउने र स्वार्थ पूर्ति गर्नेहरू निकै सक्रिय भइरहेका छन् ।

# सहकारी दिवस मनाइयो

५७ औं राष्ट्रिय सहकारी दिवस भव्यताका साथ मनाईयो । वीरगंजको घण्टाघरबाट बाजागाजाका साथ हिमालय बचत तथा ऋृण सहकारी संस्था ली.,हिमशिखर सहकारी संथा लगायतका सदस्यहरूद्धारा रैली निकालियो । सो रैली घण्टाघर, माईस्थान, आर्दशनगर, घडीअर्वा, पानीटंकी, मूर्लि हुदै श्रीपुर स्कुलमा गएर कोण सभामा परिणत भयो । पर्सा जिल्लामा ६३० सहकारी संस्था दर्ता भएको छ तर सक्रिय सहकारी संस्था २३० जति मात्र छन् । सो कार्यक्रमका प्रमुख अतिथि जि्.प्र.का पर्साका सि. डि. यो कैलाश कुमार बजिमय, विशिष्ट अतिथि जिल्ला विकाश समितिका एलडियो गजेन्द्र ठाकुर र अध्यक्षता डिभिजन सहकारी कार्यालय का निमित प्रमुख अधिकृत अरूण कुमार बस्नेत रहेका थिए ।

वीरगंज नगर लामखुट्टेको राजधानी

वीरगंज । 'मच्छड एक आदमीको हिजडा बना देता है' यो हिन्दी फिल्मको डाइलग हो । उक्त डाइलग भने अब हामी वीरगंजबासी माथि लागु हुँदै छ । किन रू भनेर भन्नु होला यसको जवाफ भनेको वीरगंजमा लामखुट्टे र फोहोरले वीरगंजका वासीलाई नराम्रै सित पिरोली रहेको छ, दुःख दिईरहेको, डसिरहेको छ, टोकीरहेछ तर हामी हिजडा जस्तो मुक दर्शक भएर टोलाईरहेका छौ,सही रहेका छौ लाचार अवस्थामा । वीरगंज शहर पहिले ताप्केको प्रमुख शहर भनेर भनेर देशमा पहिचान दिलाउथ्यो तर त्यो नाम गुम नाम भयो र आज वीरगंज शहरलाई लामखुट्टे र फोहोर र पानी जम्ने नामले देशमा चिनिने गर्छन् । ढल,नालीको अवस्था व्यवस्थित र सर सफाई नहुदा लामखुट्टेको वास स्थानमा विस्तार हुन पुगेको छ । लामखुट्टेको अच्याधिक प्रकोपका कारण वीरगंजको जनजीवनमा ठुलो संन्त्रास वनाई दिएको छ । जहिले पनि लामखुट्टे र जमा हुन पुगेको फोहोरहरूकै चर्चा यहा बढी हुने गरेको छ भने नगर पालिकालाई तथानाम भन्दै आक्रोस व्यक्त गर्ने गरेका छन् । लामखुट्टेको टोकाई तथा फोहोरको कारण विभिन्न किसिमका रोग किटाणु फैलिएर मानिसहरू विरामी भईरहेका छन् । डेङ्गु,भाईरल रूघा खोकी,मलेरियाको आगमन,इन्फलाईटिस,हात्तीपाईले,मेनेजाईटिस आदी घातक रोगको विरामी बढ्ने अवस्था रहेको छ । जाम भएका ढल नाली,खाल्टा खुल्टी अन्य कवाडी स्थलमा जमेका पानीमा लामखुट्टेको जीवन चक्र चल्ने र सुहाउदो वास स्थान को रूपमा रहने हुदा त्यस प्रकारको स्थीतिलाई सुधार्नु पर्दछ त्यो काम भनेको नगरपालिकाले गर्ने हो तर चित्त बुझ्दो काम कारवाही देखिएको छैन वीरगंजवासी बताउने गर्दछन् । प्लाष्टीकका सामाग्रीको बढ्दो प्रयोगले वीरगंजमा पोलिथिन व्याग,प्लाष्टिक बोतलहरू प्रयोग पछि प्यालिन्छ त्यसको उचित व्यवस्थापन न हुदा वीरगंजका ढल नाली,सडकहरू जाम हुने अवस्था रहन्छ । जतातत‌ै फोहोरहरू परिएर रहेको घिन लाग्दो दृश्य देखिने गरेको छ र त्यसैबाट लामखुट्टे अनि रोगको विगविगी बढने गरेको छ । नगरपालिकाले यसमा ध्यान दिनुको साटो नगरपालिकाको वजेटमा विभिन्न शिर्षकको नाममा नक्कली विलहरू बनाई हाकिमहरू आफनो भुडी भर्ने तिर मात्र ध्यान दिने गरेको पाईन्छ । नगरपालिकामा हाकिमहरू ब्रम्ह पिचासको रूपमा परिवर्तन भएका छन् । - ***कुसुमलाल श्रेष्ठ***


# पूर्ण महाकुम्भ मेला, चतराधाम

**थोपा मात्र खस्यो जहाँ अमृतको बुझ्दाँ त्यही ठाउँमा ।**
**लाग्यो कुम्भ प्रयाग नासिक तथा उज्जैन् हरिद्वारामा ॥**
**छालीकै शिवलिङ्ग पीयुषरुपी हाम्रा यी पिण्डेश्वर ।**
**हाम्रै उत्तम कुम्भ हो मुलुकले बुझ्दै छ रे भर्खर ॥**

**राष्ट्रियता, राष्ट्रिय एकता, अखण्डता, सहिष्णुता र सद्भावको संरक्षण एवं सम्बर्द्धन गर्दै आन्तरिक पर्यटनको प्रवर्द्धन र नेपाल र नेपालीको विशिष्ट पहिचान दर्शाउन २०७० चैत्र १७ देखि २०७१ बैशाख १९ सम्म बराहक्षेत्रको चतराधाम सुनसरीमा आयोजना हुनगइरहेको पूर्ण महाकुम्भ मेलामा सहभागी भई अक्षय पुण्य आर्जन गरौं ।**

## कुम्भ महास्नानका विशेष दिनहरु

- **कुम्भ प्रारम्भ महास्नान : २०७० चैत्र १७ गते (चैत्र शुक्ल प्रतिपदा)**
- **प्रथम कुम्भ महास्नान : २०७० चैत्र २१ गते (चैत्र शुक्ल पंचमी)**
- **द्वितीय कुम्भ महास्नानः २०७१ बैशाख २ गते (चैत्र पूर्णीमा)**
- **तृतीय कुम्भ महास्नानः २०७१ बैशाख १६ गते (मातातीर्थ औंशी)**
- **चतुर्थ कुम्भ समापन महास्थानः २०७१ बैशाख १९ गते (अक्षय तृतीया)**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार